
नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ • अंक ८२ • २०७९ साल माघ १६ गते सोमवार • Monday 30, Jan. 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

# मधेशको मन्त्रिपरिषद् आज विस्तार हुँदै

*सहमति अनुसार जसपाले सामाजिक, उर्जा तथा खानेपानी, एमालेले भौतिक, गृह तथा सञ्चार, कानून, न्याय, महिला, बालबालिका, जनमतले कृषि तथा सहकारी, वाणिज्य आपूर्ति र माओवादीले वन पर्यटन तथा उद्योग मन्त्रालय पाउनेछ ।*

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् सोमवार विस्तार हुने भएको छ ।

सत्ता गठबन्धनका शीर्ष नेताहरुबीच मन्त्रालय बाँडफाँटमा सहमति भएसँगै मन्त्रिमण्डलले पूर्णता पाउने भएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले दिएको जानकारी अनुसार सोमवारसम्म मन्त्रिपरिषद् विस्तार हुनेछ । सम्भव हुन सकेन भने मंगलवार निश्चित नै विस्तार हुन्छ ।

सरकार गठनको दुई साताभन्दा बढी समय भइसकेपनि के कति कारण मन्त्रिपरिषद विस्तार हुन नसकेको जिज्ञासामा मुख्यमन्त्री यादवले दलहरुबीच सहमतिमा समय लाग्यो, त्यसपछि प्रदेश प्रमुखज्यू नै जनकपुर बाहिर हुनुहुन्थ्यो, त्यही भएर समय लागेको हो । तर अब प्रदेश प्रमुखज्यू आइसक्नु भएको छ, भोली नै मन्त्रिपरिषद् विस्तार हुनेछ ।




सत्ता साझेदार दलबीच पुर्व सहमति अनुसार प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) ले मुख्यमन्त्री सहित ४ मन्त्रालय, नेकपा एमालेले ४, जनमट पार्टीले २, माओवादीले एउटा मन्त्रालय पाउनेछ। सत्ता साझेदार दलबीच भएको सहमति अनुसार जनता समाजवादी पार्टी(जसपा) ले मुख्यमन्त्री, अर्थ मन्त्रालय, सामाजिक विकास मन्त्रालय र उर्जा तथा खानेपानी मन्त्रालय पाएको उच्चश्रोतले जनाएको छ । सत्तासाझेदार ठूला दल नेकपा एमालेले भौतिक पूर्वाधार विकास , गृह तथा सञ्चार, कानून, न्याय तथा प्रदेश मामिला र महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय पाएको छ ।गठबन्धनमा रहेका जनमत पार्टीले भूमि, व्यवस्था, कृषि तथा सहकारी र वाणिज्य आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय पाएको छ । वन पर्यटन तथा उद्योग मन्त्रालय माओवादी केन्द्रको भागमा परेको छ । तर माओवादीले दुई वटा मन्त्रालयको माग गरिरहेका छन् । जसपाबाट मुख्यमन्त्रीमा सरोज कुमार यादव र अर्थ मन्त्रीमा सञ्जयकुमार यादव नियुक्त भइसकेका छन् । स्रोतका अनुसार सामाजिक विकास मन्त्रीमा सुरिता साह र उर्जा तथा खानेपानीमा राजु गुप्ताको अघि सारिएको छ । सामाजिक विकास राज्यमन्त्रीमा जसपाकै प्रमोद कुमार जयसवालमा राखिएको छ। एमालेबाट भौतिक पूर्वाधार विकासमा सरोज कुमार यादव पहिले नै नियुक्त भइसकेका छन् । स्रोतका अनुसार गृह तथा सञ्चारमा राजकुमार लेखी, कानुन, न्याय तथा प्रदेश मामिलामा शत्रुधन सिंह कोइरी र महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयमा मो.जैस आलमले जिम्मेवारी दिने पार्टी भित्र छलफल भएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयमा राज्यमन्त्रीमा शारदा थापा रहने छिन् । जनमतबाट कृषिमा ईञ्जिनियर वसन्त कुशवाहा नियुक्त भइसकेका छन् भने वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रीको नाम टुंगो लागिसकेको छैन् ।

स्रोतले जनाए अनुसार सोमवार बिहान नै जनमत पार्टीले आफ्नो मन्त्रीको नाम सार्वजनिक हुनेछ । माओवादी केन्द्रका नेता भरत साहलाई वन पर्यटन तथा उद्योग मन्त्रालयको जिम्मेवारी दिइनेछ भने राज्यमन्त्रीको टुंगो लाग्न बाँकी छ ।

# देवशिलाको जानकी मन्दिरमा पुजापाठ गर्नेको भीड

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । भारतको अयोध्यामा निर्माण हुन लागेको राममन्दिरमा भगवान श्रीरामको बाल प्रतिमा निर्माणका कालीगण्डकीबाट निकालिएका देवशिला (पत्थर) को दर्शन तथा पूजापाठका लागि श्रद्धालु भक्तजनहरुको घुइचों लागेको छ ।

शनिबार राति जनकपुरधाम आईपुगेको रामको मूर्ति बनाइने शिलाको दर्शन गर्न आइतवार बिहानैदेखि जानकी मन्दिर परिसरमा भक्तजन, सरकारी निकायका प्रमुख तथा जनप्रतिनिधि, सर्वसाधारण लगायतको भीड लागेको थियो ।

जानकी मन्दिर सो देवशिलाको बिहान विशेष पूजापाठ र बेलुका महाआरती गरिएको थियो । विशेष पूजामा प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधि, जुली महतो, मधेस प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्र, मुख्यमन्त्री सरोजकुमार यादव, सभामुख रामचन्द्र मण्डल,



लोसपा नेता अनिल झा लगायतका उच्चस्थ व्यक्तिहरुको उपस्थिति थियो ।

गत आइतबार गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले धार्मिक विधिअनुसार क्षमापूजा र गंगा पूजन गरेर शिला महन्थ दास र अयोध्याको राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पंकजलाई शिलाको प्रतीकस्वरुप तीनवटा शालिग्राम हस्तान्तरण गरेका थिए । मन्त्रिपरिषद् बैठकको

- बाँकी पृष्ठ ६ मा

## पर्सा प्रहरी लेनदेनमा संचालित
# एउटै मुद्दामा फरक फरक मुद्दा दर्ताप्रति होटल व्यवसायीको आपत्ति



मधेशदृष्टि
वीरगज,१५माघ ।
जिल्ला प्रहरी कार्यलय पर्साले एउटै किसिमका मुद्दामा फरक फरक ढंगले मुदा दर्ता गरेकोमा पर्साका होटल व्यवसायीहरुले आपति जनाएका छन ।

जिल्ला प्रहरी कार्यालय पर्साले एकै प्रवृतीका मुद्दालाई लेनदेनको भरमा फरक फरक किसिमका मुद्दा दर्ता गरेको भनी होटल व्यवसायीहरुले आलोचना गर्न थालेका छन् । घटना बिबरण अनुसार पर्सा प्रहरीले पुस २६ गते दिउँसो बसपार्कमा रहेको होटलबाट एक महिलासंहित ३ जना पुरुषलाई यौन क्रियाकलाप गरेको आरोपमा प्रहरीले पक्राउ गरेको थियो । पक्राउ परेका महिलाबाहेक ३ जना पुरुषमाथी जघन्य अपराध अर्न्तगत मावन बेचबिखन तथा ओसारपसारको मुद्दा दर्ता गरेको थियो भने सोही प्रवृतिका मुद्दा अन्तरगत माघ १२ गते बिहीबार दिउँसो बसर्पाकमा रहेको पाल्पाली होटलका संचालक सहित ६ जना महिला पुरुषको जोडीलाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ परेका मध्ये ६ जोडीलाई प्रहरीले बिना शर्त जिल्ला प्रहरी कार्यलयले छाडेर होटल संचालक विरुद्ध अभद्र व्यवहारको मुद्दा दर्ता गरेको छ । सोही कारण एकै प्रवृितका मुद्दामा पर्सा प्रहरीले फरक फरक ढगको मुद्दा दर्ता गरि होटल व्यवसायीहरुमाथी अन्याय गरेको भन्दै आपति जनाएका छन् ।

एक व्यवसायीले भने बसपार्कमा रहेका भानु प्लाजा होटलबाट केही दिन अगाडी ४ जना भारतीय सहित २ महिलालाई पर्सा प्रहरीले पक्राउ गरेको थियो । सो मध्ये २ भारतीय र एक जना संचालकमाथी मुद्दा चलाएकोमा उनीहरु शुक्रबार नै धरौटीमा रिहा समेत भई सकेको बताए ।

यो उदाहरण मात्र हो, पर्सा प्रहरीले यस्तै खाले धेरै सर्वसाधारणहरुलाई फसाईएको आरोप पनि छ । पर्सा प्रहरीले अहिले जोकोहीलाई धरपकड गरि मोटो रकम असुल गरिरहेको आरोप लाग्दै आएको छ । यसको मारमा वीरगंजका होटल व्यवसायी बढी मारमा परेको उनीहरुको भनाई छ । होटलमा बास बस्ने जो कोहीलाई छुट, रित पुर्याई कोठा भाडा दिदा पनि प्रहरीले अहिले प्रत्येक दिन होटलमा छापामारी गरिहेकोले कोही पनि होटलहरुमा बास बस्न नचाहेको गुनासो गरेका छन् ।

## व्यवसायीहरु नै दुई गुटमा

वीरगंजमा रहेका होटल व्यवसायीका संघ आबद्धहरु अहिले दुई गुटमा विभाजन भएका छन् । एक गुटमा अध्यक्ष हरि पन्त रहेको छ भने अर्को समुहका अध्यक्ष मोहन प्रधान रहेका छन । एक होटल व्यवसायीका अनुसार प्रधान गुटमा अबैध होटलहरुमा मात्र छापामारी हुने गरेकोले प्रहरीको कामकाज प्रति वीरगंजका होटल व्यवसायीहरु शशंकित भएका छन ।

यौनजन्य गतिबिधीलाई हतोत्साहित गर्न प्रहरीको काम कारवाही गर्नु ठिक छ । तर बास बस्ने आउनेलाई सबै ग्राहकहरु उस्तै खाले हुदैन, हामी चिन्नपनि चिन्दैन होटल व्यवसायीहरुको भनाई छ ।

## गुनासो बढ्दा कारवाही गरिएको हो

यस बिषयमा जिल्ला प्रहरी कार्यलय पर्साका प्रमुख प्रहरी उपरिक्षक कोमल शाहसंग बुझ्दा होटल व्यवसायीहरुलाई मर्का पर्न गएको होला तर सो क्षेत्रमा धेरै गुनासो बढेको कारणले कारवाही भईरहेको बताए । मुख्यत अन्डर ऐज, किनबेच तथा जवरजस्ती गर्ने बिरुद्ध कारवाही गरि सोही अनुसार मुदा दर्ता भएको बताए । जुन प्रकारको उजुरी आउछ सोही अनुसार मुदा चल्ने प्रउ शाहले बताए । पाल्पाली होटलबाट पक्राएर ६ जोडी अन्डर ऐज रहेकोले अभिभावकको जिम्मा लगाएको बताए । रानीपोखरि होटलमा भएको घटना फरक प्रकृतिको रहेकोले सोही अनुसार मुदा चलाएको बताए ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**नगराईन नगरपालिका**
धनुषा, मधेश प्रदेश

# शहीद दुर्गानन्द झाको स्मारक शिलान्यास

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । प्रथम गणतन्त्रवादी अमर शहीद दुर्गानन्द झाको ६० औं बलिदान दिवसको अवसरमा जनकपुरधाममा आइतबार उनको स्मारक शिलान्यास गरिएको छ ।

दुर्गानन्द स्मारक निर्माण समितिले जनकपुरधाम-२३ लादो बेलामा करिब डेढ करोडको लागतमा शहीद दुर्गानन्द झाको स्मारक निर्माण गर्न लागेको हो ।

ऐतिहासिक जानकी मन्दिरको प्रांगणमा २०१८ साल माघ ९ गते तत्कालिन तानाशाह राजा महेन्द्रमाथि २० वर्षीय युवा दुर्गानन्दले बम प्रहार गरेको स्थलमा जनकपुरधाम बौद्धिक समाजले उनको स्मारक निर्माण गर्न २०६५ असार ९ गते शहीद दुर्गानन्द झा स्मारक निर्माण समितिको गठन गरी उनको आदमकद ६ फिट १ इन्च अग्लो स्मारक निर्माण गराएको साढे १४ वर्ष भई सक्दापनि निर्माणस्थल विवादले स्मारक लगाउन सकिएको थिएन ।

आइतबार पुनः उनको बलिदानी दिवसको अवसरमा शिलान्यास गरिएको र सकभर यसै आर्थिक वर्ष भित्र निर्माण कार्य पूरा हुने बताइएको छ ।

जनकपुर बौद्धिक समाजले उहांको स्मारक निर्माण गर्न २०६५ आषाढ ९ गते अमर शहीद दुर्गानन्द झा स्मारक निर्माण समितिको गठन गरी उहांको आदमकद ६ फिट १ इन्च अग्लो स्मारक निर्माण गराएको साढे १४ वर्ष भई सक्दापनि निर्माणस्थल विवादले स्मारक सकेको थिएन । १४ वर्षपछि उनको वलिदानी दिवसको अवसरमै लादो बेलामा शिलान्यास भएको हो। चालु आर्थिक २०७९/८० भित्र नै निर्माण कार्य गरिने समाजले जनाएको छ।

नेपालमा गणतन्त्र घोषणा लगतै २०६५ अषाढ ९ गते जनकपुर बौद्धिक समाजद्वारा स्थानीय बुद्धिजीविहरुका एक भेला गराउंदा राजेश्वर नेपालीको अध्यक्षतामा सात सदस्यीय अमर शहीद दुर्गानन्द झा स्मारक निर्माण समिति गठन गरिएको थियो । २०६६ श्रावण ९ मा निर्माण समितिको मांग अनुसार स्मारक निर्माण गर्न जानकी मन्दिर गुठी कार्यालयद्वारा मन्दिर अगाडिको पार्क (फूलवारी) मा लिखित रुपमा जग्गा जानकी मन्दिरका महन्थबाट उपलब्ध गराएको थियो र त्यसको दोश्रो सप्ताह श्रावण २१ गते दुर्गानन्द झाकी धर्मपत्नी तत्कालिन संविधानसभा सदस्य काशीदेवी झाद्वारा स्मारकको शिलान्यास गराइएको थियो ।

दुर्गानन्द झाको पूर्ण कदको प्रतिमा निर्माण भैसकेको स्मारकको जग परेपछि निर्माण कार्य २०६७ चैत्र ८ मा जनकपुर






पुनरावेदन अदालतद्वारा निर्माणमा रोक लगाइएकोले हामीले चाहंदा चाहँदै पनि निर्माण स्थगित गर्नु परेको थियो । निर्माण कार्य माथि लागेको रोक खारेज भई सके पनि क्यौं चोटी नागरिक भेला,मन्त्री मुख्यमन्त्री, नगरप्रमुख लगायत अन्य विशिष्ट व्यक्तिहरु संग छलफल, सल्लाह र सुझाव गरियो तर सालिक निर्माणको कार्यमा सकारात्म सहयोग कही कतै वाट पाइएन ।

स्मारक निर्माणको लागि नेपालीले आफै रु.१ हजार १११ दिएर २ लाख ८५ हजार ०२१ चन्दा संकलन, जिविसबाट

- बाँकी पृष्ठ ६ मा

# अर्थमन्त्री यादवले गरे पद ग्रहण



मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । मधेस प्रदेश सरकारका नवनियुक्त अर्थमन्त्री संजय यादवले जिम्मेवारी पाएको तीन दिनपछि पदभार ग्रहण गरेका छन् ।

बिहिबार जिम्मेवारी सहितको पत्र प्राप्त गरेका मन्त्री यादवले आइबार दिउँसो पदभार ग्रहण गरेका हुन् । पदभार ग्रहण गर्दै अर्थमन्त्री यादवले प्रदेश सरकारको राजश्वलाई बृद्धि गर्नका लागि कार्ययोजना बनाएर अगाडि बढ्न कर्मचारीलाई निर्देशन दिएका छन् ।

बजेटमा भएका प्रावधान अनुसार चालू खर्चलाई मितव्ययी बनाउँदै कटौति गर्ने र पूँजिगत खर्चलाई अभिवृद्धि गर्ने सम्बन्धमा पनि कार्ययोजना बनाउन मन्त्री यादवले निर्देशन दिएको अर्थसचिव गजेन्द्र ठाकुरले बताएका छन ।

यसअघि नवनियुक्त भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री वसन्त कुशवाहाले शुक्रबार नै पदभार ग्रहण गरिसकेका छन् । गत पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त भएका सरोजकुमार यादवले पुस २९ गते विनाविभागीय मन्त्रीहरूसँगै शपथ लिएका थिए । मुख्यमन्त्री यादवले माघ १२ गते विनाविभागीय मन्त्रीहरूको जिम्मेवारी तोकेका थिए । मुख्यमन्त्री यादवले नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, जनमत पार्टीका बसन्त कुशवाहालाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र जनता समाजवादी पार्टी नेपालका संजय यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिएका थिए ।

मुख्यमन्त्री यादवले प्रदेशका बाँकी सात मन्त्रालय भने हाल आफैँसँग राखेका छन् । मधेस प्रदेशको सत्ता साझेदार दलहरूबीच मन्त्रालयको भागबण्डामा औपचारिक सहमति जुट्न नसक्दा सरकारले अहिलेसम्म पूर्णता पाउन सकेको छैन ।

# स्थानीय तह भ्रष्टाचारको अखाडा

## अख्तियारमा उजुरीको चाङ्ग, ६ महिनामै एक हजारभन्दा बढी उजुरी

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । मधेस प्रदेशका स्थानीय सरकार भ्रष्टाचारको अखडा बन्दै गएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा चाङ्ग लागेको उजुरीले प्रष्टयाउंछ ।

प्रदेश र संघीय सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने विषयलाई प्राथमिकतामा राखे पनि अख्तियारमा उजुरीको संख्या दिनानुदिन बढदै गई रहेको छ । अख्तियारको बर्दिवास कार्यालयले हेर्ने मधेसका सिरहा, धनुषा, महोत्तरी र सर्लाहीबाट चालु आर्थिक वर्षको पुस मसान्तसम्म ६ महिनामा मात्रै १ हजार ३ सय ३ उजुरी परेको छ । यसले स्थानीय सरकार भ्रष्टाचारको अखडा बनेको प्रष्ट हुन्छ ।

अख्तियार बर्दिवासका उपसचिव हरिकृष्ण केसीका अनुसार पुस मसान्तसम्म परेको उजुरी मध्ये ४४९ वटा फर्छ्यौट भएको छ भने ८५४ उजुरी फर्छ्यौट गर्न बाँकी छ । पर्छ्यौट गर्न बाँकी रहेका उजुरीहरुमा छानबिन तथा अनुसन्धान जारी रहेको छ । स्थानीय तहले गर्ने सार्वजनिक खरिद र निर्माण कार्यमा अनियमितता भएको भनेर सबभन्दा बढी उजुरी परेको अख्तियारको तथ्यांकले देखाउंछ । गलत इस्टिमेट, बजेट टुक्र्याएर खरिद गर्ने, गलत नियत राखेर स्पेशिफिकेशन तयार गर्ने, आवश्यकताभन्दा बढी सामग्री खरिद गरेर थुपार्ने, जिन्सी दाखिला नगर्ने वा गलत प्रतिवेदन तयार पार्नेसम्बन्धी पनि उजुरी पर्नेको संख्या अधिक रहेको अख्तियारले जनाएको छ ।

त्यस्तै गुणस्तरहीन निर्माण, गलत मूल्यांकन गर्ने, जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट बनाउने र अनावश्यक डीपीआर तयार गर्नेसम्बन्धी उजुरी पनि बढिरहेको अख्तियारका उपसचिव केसी बताएका छन् । उपभोक्ता समितिले ठूला भवन र पुल बनाउन नसक्ने बताउँदै उनले भने, 'ठूला कम्पनीले गर्न नसक्ने कामहरु उपभोक्तालाई दिनुमा गलत नियत नै देखिन्छ । उपभोक्ताले काम पाए पनि गर्न नसक्दा कामहरु त्यतिकै अलपत्र रहेको छ । उनका अनुसार अनावश्यक डीपीआर तयार पारेर पनि अनियमितता गर्ने प्रवृत्ति बढेको छ । उनले भने, 'डीपीआर तयार पार्ने र त्यसको नाममा पैसा निकाल्ने । त्यो तयार डीपीआर दराजमा थन्काउने अनि अर्को वर्ष फेरि एउटै योजनाको अर्को डीपीआर बनाउने । डीपीआरको नाममा अनियमितता गर्ने प्रवृत्ति बढि रहेका छ ।'

उपसचिव केसीले कर्मचारी नियुक्तिमा मिलेमतो, नजिकका र आफन्तलाई विनाप्रतिस्पर्धा नियुक्त गर्ने, अपारदर्शी तरिकाले कार्यक्रम सञ्चालन गर्ने र सहभागीको कीर्ते हस्ताक्षर गर्ने जस्ता उजुरीहरु पनि रहेको बताए । उनले भने, 'निःशुल्क उपलब्ध भवनमा कार्यक्रम सञ्चालन गर्ने र होटलमा गरेको भनेर बिल बनाउने काम भइरहेको छ ।

कार्यक्रममा २० जना उपस्थित छन् भने कीर्ते हस्ताक्षर गरी ६० जनाको उपस्थिति रहेको देखाउने गरिएको छ । यसरी पनि अनियमितता गर्ने काम भइरहेको देखिएको छ ।' अनियमितता सम्बन्धी परेका उजुरीहरुको फर्छ्यौट गर्न धौ धौ परेको अख्तियारका अधिकारीहरु भनाईछ ।

सम्बन्धित पालिकाको सहयोग नपाएपछि उजुरी फर्छ्यौटमा समस्या भइरहेको अख्तियार बर्दिवासका प्रमुख गोपाल अधिकारीले बताएका छन् । उनले भने, 'मागेकोभन्दा बढी कागजात पठाउने तर आवश्यक कागजात/विवरण नपठाउंदा ठूलो समस्या भइरहेको छ ।'

उनले भने 'उजुरी परेपछि हामीले प्रारम्भिक अनुसन्धानका लागि सम्बन्धित पालिकामा पत्र पठाउछौं', प्रमुख अधिकारीले भने, 'तर, पत्र नै दर्ता गर्न मान्दैनन् । पटक पटक ताकेता गर्नुपर्छ । कहिले कार्यालयमा भेटिँदैन । सम्पर्क गर्न खोज्दा फोन नै उठ्दैन । जवाफ पठाउँदा पनि स्थलगत निरीक्षण नगरी पठाउने गरेकाले समस्या हुन्छ ।'

उजुरी पर्ने बित्तिकै काम-कारबाहीहरु रोक्ने, आफू संलग्न नभएको उजुरीमा लापरबाही गर्ने, आयोगको सुझाव कार्यान्वयनलाई प्राथमिकतामा कमी गर्ने, कमजोर अभिलेख प्रणाली जस्ता कारणले पनि उजुरीहरुको फर्छ्यौटमा समस्या देखिएको उनको भनाइ छ ।

अख्तियारले भ्रष्टाचारमा ठूलालाई उन्मुक्ति र सानालाई कारवाहीको दायरामा ल्याउने आरोप लाग्दै आएको बारे प्रमुख अधिकारीले हाम्रो नजरमा सबै बराबर छन् यहाँ ठूला र साना भनेर हामी कारवाही गर्दनौं । 'सरकारी सेवाका लागि एउटा सर्वसाधारण नागरिकसँग सय रुपैयाँ घुस लिनु पनि ठूलो भ्रष्टाचार हो', उनको तर्क छ । ठूला माछा समात्ने गरिएको छैन भन्ने भ्रममात्र भएको उनको स्पष्टोक्ति छ । अधिकारी भन्छन्, 'भ्रष्टाचार भनेको सय रुपैयाँ पनि उही हो । लाख रुपैयाँ पनि उही हो । ठूला माछा भनेर अख्तियारको काम कारबाहीलाई अलमल्याउने काम मात्र हो ।' अख्तियारको आयुक्तलाई नै भर्खर विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरी जरिवाना र कैद सजाय पनि गरेको उदाहरण दिँदै उनले भने, 'त्यसलाई ठूलो माछा भन्ने कि सानो माछा ? पूर्वमन्त्रीहरुलाई मुद्दा लगाइयो । अस्तिमात्रै स्याङजामा पूर्वअध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई २ करोड अनियमिततामा मुद्दा लागेछ । रकमको हिसाबले सानो ठूलो हुनसक्छ । यसलाई सानो माछा वा ठूलो माछा भन्न मिल्दैन ।'

# लामिछाने फेरी बने पार्टी सभापति



मधेशदृष्टि
काठमाडौं, १५ माघ । सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलाले पद गुमाएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सभापति रवि लामिछाने फेरि पार्टी सभापति बनेका छन् ।आइतबार बसेको पसो पार्टीको केन्द्रीय समिति बैठकले उनलाई फेरि सभापति बनाएको हो । अर्कोतिर शुक्रबारकै फैसलाका कारण लामिछानेले सांसद, उपप्रधान तथा गृहमन्त्रीको पद पनि गुमाएको थियो । अदालतको फैसलाका कारण गृहबाट पदच्यूत भएका लामिछानेलाई फेरि गृहमन्त्री बनाएर पठाउने तयारीमा रास्वपा रहेको छ । आइतबार बसेको बैठकमा सरकारमा सहभागी हुन आफूहरुले गृह मन्त्रालय नै पाउनु पर्ने उनीहरुको दाबी रहेको छ । 'गृह मन्त्रालय नै हाम्रो बटमलाइन हो,' रास्वपाका एक नेताले भने, 'गृह मन्त्रालय पाएनौं भने हामी सरकारबाट बाहिरिन्छौं ।' बैठकमा उनीहरुले गृहमन्त्रीको रुपमा फेरि रवि लामिछानेलाई नै पठाउने तयारी गरेका छन् । संविधानतः गैर सांसद व्यक्ति ६ महिनासम्मका लागि मन्त्री हुन पाउँछन् । योबीचमा हुने चितवन-२ को उपनिर्वाचनमा उनले जितेर आउने अनुमान रास्वपाले गरेको छ ।

अर्कोतिर, प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गृह मन्त्रालय आफ्नै पार्टीसँग राख्ने तयारी गरेका छन् ।

# पाइपलाइन विस्तारको काम अघि बढाइयो

मधेशदृष्टि
बीरगंज, १५ माघ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको देशभर पाइपलाइन विस्तारको काम अघि बढाइएको छ ।

भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्मको पाइपलाइन आयोजना सफल बनेपछि देशभर पाइपलाइन विस्तारको काम अघि बढाइएको हो । कूल ६९.२ किलोमिटर भूमिगत पाइपलाइनबाट यतिबेला निगमले भारतबाट डिजेल आयात गरिरहेको छ ।

अमलेखगञ्ज डिपोले देशको ७० प्रतिशतसम्म डिजेलको माग धान्दै आइरहेकोमा २०७६ सालदेखि सञ्चालनमा आएको उक्त पाइपलाइनबाट डिजेल ल्याउँदा निगमको ढुवानी खर्च वार्षिकरुपमा २ अर्ब रुपैयाँ हाराहारी बचत हुँदै आएको छ । पाइपलाइन निर्माण हुनुअघि नेपालबाट भारततर्फ पुगेर ट्यांकर हरुले डिजेल गर्दै आइरहेका थिए । तर, पाइपलाइन सञ्चालनमा आएपछि भारततर्फ ट्यांकर जान नपर्दा उक्त रुपैयाँ बराबरको ढुवानी लागत बचत हुने गरेको हो ।

डिजेल ल्याउन सुरु गरेको करिब ३ वर्षपछि निगमले अमलेखगञ्जसम्म पाइपलाइनबाटै पेट्रोल, मट्टितेल र खाना पकाउने एलपीजी ग्यास आयात गर्ने तयारी थालिसकेको छ । यही वर्ष सन् २०२३ को अन्त्यसम्ममा पेट्रोल रमट्टितेलभण्डारण गर्ने ट्यांकीको निर्माण सकेर २०२४ को जनवरीदेखि नै पाइपलाइनबाट पेट्रोल र मट्टितेल समेत ल्याउने तयारी निगमको छ । निगमका अमलेखगञ्ज डिपो प्रमुख प्रदीप यादवले पाइपलाइनको दोस्रो चरणको काम सुरु भइसकेको र यसको निर्माण छिट्टै सम्पन्न हुने बताएका छन् ।

उनले सन् २०२४ को सुरुदेखि नै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात सुरु हुने जानकारी दिए । यसबापत निगमले मासिक १५ करोड र मासिक १ अर्ब ८० करोड ढुवानी खर्च बचत गर्ने यादवको भनाइ छ ।

त्यस अनुसार, पेट्रोलियम पाइपलाइनमार्फत डिजेल, पेट्रोल र मट्टितेलको आयात गर्दा वार्षिक कूल ३ अर्ब ८० करोडभन्दा बढी बचत हुने निगमको प्रक्षेपण छ । पाइपलाइन निर्माण सम्पन्न हुनुअघि २० हजार लिटर डिजेल लिन ४०० लिटर डिजेल खर्च गरेर ट्यांकर भारत पुग्थे । यस्तै, यतिबेला २० हजार लिटर पेट्रोल लिन ४०० लिटर डिजेल खपत गरेर ट्यांकर भारत पुग्दै आइरहेका छन् ।अमलेखगञ्जसम्म विस्तार गरिएको पाइपलाइन सफल बनेसँगै यसलाई थप लम्ब्याउने प्रक्रिया अघि बढेको छ । ढुवानी लागत र प्राविधिक घाटा (पेट्रोलियम पदार्थ उड्ने क्रम) रोकिएपछि निगम थप उत्साहित बनेको छ । सोही कारण, भारतको मोतिहारीबाट ६९.२ किलोमिटरसम्म फैलिएको पाइपलाइनलाई चितवनको लोथरसम्म ल्याउने गरी काम अघि बढाउने तयारीमा निगम छ । यसका लागि अमलेखगञ्जदेखि लोथरसम्म ६२ किलोमिटर दूरीमा जमिनमुनि पाइपलाइन विस्तार गर्नुपर्ने छ ।

निगमका प्रवक्ता विनितमणि उपाध्यायले चितवनको लोथरमा निगमको नाममा २० बिघा जग्गा रहेको र सोही स्थानमा आधुनिक भण्डारण केन्द्र निर्माणको काम अघि बढिरहेको जानकारी दिए । उनले चितवनमा निर्माण गरिने भण्डारण केन्द्र अत्याधुनिक हुने र उक्त भण्डारण केन्द्रमा १ लाख किलोलिटर पेट्रोल र ४० हजार मेट्रिक टन एलपीजी ग्यास राखिने छ । ६२ किलोमिटर उक्त पाइपलाइनको प्राविधिक अध्ययन सम्पन्न भइसकेको छ । र, प्रारम्भिक अध्ययनअनुसार उक्त पाइपलाइन विस्तार गर्न करिब ५ अर्ब रुपैयाँ लाग्ने देखिएको थियो । तर, अध्ययन सकिएयता महँगी बढेकाले लागत झनै बढ्न सक्ने अनुमान निगमको छ ।

हाल अमलेखगञ्जदेखि लोथरसम्म विस्तार गरिने पाइपलाइनको अध्ययन प्रतिवेदन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छ । मन्त्रालयबाट निर्णय भएपछि कुन मोडलमा लगानी गर्ने भन्ने विषय समेत टुङ्गो लाग्ने छ । हालसम्म उक्त पाइपलाइन विस्तारमा लाग्ने खर्च कसले ब्यहोर्ने भन्ने टुङ्गो लाग्न सकेको छैन ।

# आजपा बाराको विस्तारित बैठक सम्पन्न




मधेशदृष्टि
बारा, १५ माघ । आम जनता पार्टीको बारा जिल्ला कमिटिको विस्तारित बैठक सम्पन्न भएको छ । बाराको कलैयामा सम्पन्न सो बैठकमा प्रमुख अतिथि पार्टीका केन्द्रिय अध्यक्ष प्रभु साहले पार्टीको सुदढिकरणमा लाग्न नेता कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

उनले विद्यमान राजनीतिक अवस्थालाई चिर्न जनताबीच पार्टीको धारणा राख्न संगठनलाई विस्तार गर्नमा पार्टीका सबै नेता कार्यकर्ताहरुको सहयोग आवश्यक रहेकोमा जोड दिए ।

सो कार्यक्रममा बिशिस्ट अतिथिको रुपमा उपस्थित पार्टीका मधेस प्रदेस ईन्चार्ज उपेन्द्र साह, केन्द्रिय सदस्य तथा संगठन बिभाग प्रमुख कुन्दन कुशवाहा, प्रदेश संयोजक शिरिचन मुखिया, बारा ईन्चार्ज अशोक लामा पर्सा ईन्चार्ज बाबु राम कौशीले पनि संगठन विस्तार बारे आ आफ्ना धारणा राखेका थिए ।

पार्टीका जिल्ला संयोजक उमेश कुशवाहाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रदेस सद्स्य प्रदिप साह, मदन साह अमिका साह, जिल्ला सचिव राजकिशोर साह, राकेश बैठा, अनिल सहनी, रामभरोस राम लगायतका व्यक्तिहरुले पनि उपस्थिति रहेको थियो ।

# सरस्वती माविलाई शौचालय हस्तान्तरण




मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । जनकपुरधामस्थित सरस्वती नमूना माध्यमिक विद्यालयमा निर्मित शौचालय हस्तान्तरण गरिएको छ । पूर्व विद्यार्थी तथा रामस्वरुप रामसागर धर्मसंस्थाको संयूक्त आर्थिक सहयोगमा नवनिर्मित छात्र-छात्रा शौचालय आइतवार विद्यालयलाई हस्तान्तरण गरिएको हो । करिब २२ लाखको लागतमा निर्माण गरिएको सो शौचालयको साँचो एक कार्यक्रमकाबिच प्रमुख अतिथि प्रा. डा. सुरेश राज शर्माले विद्यालयका प्रधानाध्यापक सत्य नारायण मण्डललाई हस्तान्तरण गरिएको छ । शौचालय हन्तान्तरण कार्यक्रममा दाता परिवारका सदस्य डा. कृष्ण चन्द्र प्रसाद साह, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, पूर्वमेयर बजरंग प्रसाद साह, वडा नम्बर-९ का वडाध्यक्ष परमेश्वर साह, रामस्वरुप रामसागर धर्मसंस्थाका उपसभापति प्रभाकर साह, सिए नवल किशोर यादवलगायत विद्यालयका शिक्षक शिक्षिका तथा विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।


# जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**औरही गाउँपालिका**
धनुषा, मधेश प्रदेश


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।


**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# शहिदनगरका शिक्षा शाखा प्रमुख यादव पदबाट हटाइए

मधेशदृष्टि, जनकपुरधाम,१५ माघ । धनुषाको शहिदनगर नगरपालिकाले नगरका शिक्षा शाखा प्रमुख विश्वनाथ यादवलाई पदबाट हटाएको छ । प्राथमिक विद्यालयको तृतिय श्रेणीमा रहेका यादवले यसअघि शहिदनगर नगरपालिकाको शिक्षा शाखा प्रमुखको जिम्मेवारी सम्हाल्दै आएकोमा नगर शिक्षा समितिको निर्णयले उनलाई सो पदबाट हटाउँदै पुरानो काजमा फर्काइएको हो । नगर शिक्षा समितिका सँयोजक एवम् वडा नम्बर ६ का वडाध्यक्ष उमेश निरालाद्धारा जारी गरिएको एक सूचनामा शिक्षक यादवलाई शिक्षा शाखा प्रमुखको जिम्मेवारी खोसिएको उल्लेख छ । यादवलाई दरबन्दी कायम रहेको शहिदनगर नगरपालिका वडा नम्बर १ कुम्भकरण प्राथमिक विद्यालयमा पठाइएका हुन् । गत माघ १५ गतेको शिक्षा समितिको निर्णयले उनलाई




आईतबारदेखि जिम्मेवारी खोसिँदै प्रावि कुम्भकरणमा फिर्ता पठाइएको हो । शिक्षा समितिका सँयोजक निरालका अनुसार, यादवलाई शिक्षा शाखा प्रमुखको जिम्मेवारी दिँदा उनले मनोमानी र आफूखुसी गर्न लागेपछि उनलाई पदबाट हटाइएको हो । पटक-पटक यादवलाई आफूखुसी, मनोमानी नगर्न चेतावनी दिएपनि उनले अटेरी गरेपछि पदमुक्त गरिएको बताईएको छ । नगरपालिकाको शिक्षा शाखामा रहेका नगरको शिक्षालाई अस्तव्यस्त पारेको महसुस गरेपछि उनलाई पदबाट हटाइएको पत्रमा उल्लेख छ । नगरपालिका, सबै समुदायिक विद्यालय र ९ वटै वडाकार्यालयलाई बोधार्थ गर्दै शिक्षा सँयोजक निरालाले उनलाई पदबाट हटाएको जनाएको छ ।

# युएसजी तथा हिमाटोनलाईजर पक्लिहवा क्याम्पसलाई हस्तान्तरण

मधेशदृष्टि
जनकपुरधाम,१५ माघ ।
त्रिभुवन बिश्वविध्यालय को एक मात्र भेटेरिनरी स्नातक वीभी एसी एण्ड एएच कार्यक्रम संचालन भइरहेको पक्लिहवा क्याम्पसमा एनएलएसआईपी परियोजनाको सहयोगमा युएसजी तथा हिमाटोनलाईजर हस्तान्तरण गरिएको छ । क्याम्पसका प्राध्यापक तथा बिद्यार्थीहरुको शिक्षण क्रियाकलाप लाई अझै बढी प्रभावकारी तथा अनुसन्धानमक बनाउन परियोजनाको सहयोगमा युएसजी तथा हिमाटोनलाईजर पक्लिहवा क्याम्पसमा बिशेष कार्यक्रम बिच सहायक क्याम्पस प्रमुख तथा भेटेरिनरी शिक्षण अस्पतालका निर्देशक डा. शम्भु शाहले क्याम्पस प्रशासन लाई हस्तान्तरण गरेका हुन ।
कार्यक्रममा क्याम्पस प्रमुख सह-प्राध्यापक डा.राम भजन मण्डल, सहायक क्याम्पस प्रमुख डा.शम्भु शाह तथा विभिन्न बिभागिय प्राध्यापक डा. गंगा प्रसाद यादव,



डा.बिरेन्द्र श्रेष्ठ को उपस्तिथि मा हस्तान्तरण गरिएको थियो । हस्तान्तरण कार्यक्रममा थेरियोगेनोलोजी का प्राध्यापक समेत रहेका डा. शम्भु शाहले मेसिनको प्रयोग बारेमा सम्पुर्ण उपस्थित प्राध्यापक तथा अस्पताल का कर्मचारी हरुलाइ जानकारी दिनु भयो ।त्यस्तै क्याम्पस प्रमुख राम भजन मण्डलले अब विभिन्न आधुनिक डाइग्नोस्टीक टुल्सको सेवा प्रभाबकारीरुपमा जनताले सेवा पाउने बताए ।

# "शान्ति सुरक्षा प्रशासनको पहिलो प्राथमिकता" : प्रजिअ मिश्र

मुकेश कुमार साह
रौतहट, १५ माघ । पहिलो पटक रौतहटको प्रशासन सम्हालेका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले जिल्लाको शान्ति सुरक्षाआफ्नो पहिलो प्राथमिकता भएको बताएका छन् । जिल्लाका सञ्चारकर्मीसँगको अन्तरक्रियात्मक कार्यक्रममा अधिकारी मिश्रले उक्त कुरा बताएका हुन् । तस्करी नियन्त्रण र सेवाग्राहीलाई शुलभसेवाप्रवाह गराउने आफ्नो प्राथमिकता मा रहेको समेत उनले बताए । जिल्ला प्रशासन कार्यालय रौतहटमा नागरिकता प्रमाणपत्र तथा राहदानी लिन ठुलो सास्ती हुने गरेको स्विकार गर्दै उनले अबको केहि दिन भित्र कार्यालयमा टाईमकार्ड लागुगर्ने बताए ।
एक दिनमा जति जनालाई नागरिकता,राहदानी लगायत अन्य कति सेवा कार्यालयले दिन सक्छ त्यतिनै सेवाग्राहीलाई टोकन दिएर काम पूरा गरेर पठाउने बाकि सेवाग्राहीलाई भोलिपल्टको टोकन दिएर बोलाउने सुरुवात केहिदिनभित्रै हुने सिडियो मिश्रले बताए । सेवाग्राहीलाई टाईमकार्ड तथा टोकन दिएपछि एउटा कामको लागिदिनदिनै दौडिनुपर्ने झन्झट बाट छुटकारा तथा सर्वशुलभ सेवा उपलब्ध हुनेछ ।त्यसैगरी पत्रकारको प्रश्नमा नेपालप्रहरी ,सशस्त्रप्रहरी संग समन्वयगरि तस्करी निरुत्साहित गर्ने तथा जिल्ला स्थित क्रसर उधोगहरुको चांडो अनुगमनगरि अबैध तथा रित नपुगेका उधोगहरु बन्द गराउने प्रजिअ धर्मेन्द्र कुमार मिश्रले जानकारी दिए । त्यसैगरी अन्तरक्रिया कार्यक्रममा उनले मधेस प्रदेशमै बिकृतिको रूपमा रहेको डिजेबाजा र अश्लील गितलाई पुर्ण निरुत्साहित गर्ने बताएका छन ।
जिल्ला स्थित संचालनमा रहेको निजी अस्पतालहरुको अनुगमनगरि स्तरिय सेवा भए नभएको मुल्यांकनको आधारमा



कार्वाही अगाडि बढाईने सिडियो मिश्रले बताए ।जिल्ला स्थित अबैध मदिरा उत्पादन तथा बिक्रीबितरणमा नियन्त्रण लाई पनि प्राथमिकतामा राखिने छ ।
रौतहटका जनताको जनधनको सुरक्षादिनु स्थानीय प्रशासनको पहिलो जिम्मेवारी भएकाले अबांछित गतिविधि कतै देखिएमा नजिकको प्रहरी तथा आफुलाई जानकारी गराउन सिडियो मिश्रले पत्रकार भेटघाटमा जिल्ला बासिलाई आग्रह गरेका छन । जिल्लाको वस्तुस्थितीका बारेमा जानकारी लिनसञ्चारकर्मीसँगको भेटघाट गरेका मिश्रले प्रशासन र नागरिक बिचको दुरीलाई कमगर्दै जिल्लाको प्रशासनलाई जन प्रसाशनका रुपमा रुपान्तरित गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# माग पुरा नभए मिथिला बिहारीमा आन्दोलनमा उत्रिने जनमत पार्टीको चेतावनी



मधेशदृष्टि
जनकपुरधाम,१५ माघ । धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर ४ स्थित कजरा रमौल अन्तर्गत पर्ने श्री.जनता माध्यमिक विद्यालय महिनौं देखि विद्यालय बन्द रहेको छ ।
विधालयमा पठनपाठनका लागि पूर्ण रूपमा सूचारु हुनुपर्यो र एकहप्ता मागहरू भित्र पुरा नभए मिथिला बिहारीमा आन्दोलनमा उत्रिन बाध्य हुने जनमत पार्टीले चेतावनी समेत दिएका छन् ।
शिक्षक र केही तानाशाही प्रवृत्ति मानिसहरूको लापरवाहीको कारणले गर्दा विद्यालयमा भौतिक संरचना देखि लिएर पठन -पाठनमा आर्थिक हिनामिना र विद्यार्थीहरूमा पर्न गएको नकारात्मक असर विद्यालय जिगो अवस्थामा पुगेको भन्दै जनमत पार्टीले वडा अध्यक्ष बिजय कुमार यादवलाई ज्ञापनपत्र बुझाइएको हो ।
त्यहाँको बिधार्थी ,जनताहरुले पटक-पटक खबरदारी गर्दा पनि अहिलेसम्म केही सुनुवाई भएको छैन र कुनै निकाय बाट तसर्थ जनमत पार्टी जनताको हकहित र भ्रष्टाचारमुक्त समाज निर्माणको पक्षमा रहने सो पत्रमा उल्लेख गरिएको छ ।
महिनौं देखि विद्यालय बन्द भएको पठनपाठन पूर्ण रूपमा सूचारु हुनुपर्यो, अनुपस्थित भएरहेको २ शिक्षक केहीदिनदेखि उपस्थित हुनुपर्यो (त्यसको कारणसहित दिनुपर्छ), विद्यालयबाट केही सामग्रीहरु चोरी भएको त्यसलाई पत्ता लगाउनु र छानविन समिति गठन गर्नुपर्यो चोरी भएको सामग्रीहरू (computer, projector, tape recorder, etc),, विद्यालय वर्षो देखि नभएको हरहिसाब हरहिसाब दिनुपर्यो, विद्यालय वर्षो देखि नतिरेको बिजुली छिट्टै तिर्नुपर्यो, कअष्भलअभ ािबद मा भएको आर्थिक हिनामिना भएको छानबिन गरियोस र हिनामिना गर्ने माथि कारबाही हुनुपर्छ, विद्यालयको व्यवस्थापन समिति बिहिन भएको विद्यालयमा व्यवस्थापन समिति गठन गर्नुपर्छ उनीहरूले आफ्नो माग राखेका छन् ।

# गतबर्षको तुलनामा दोब्बरले राजस्व वृद्धि

मुकेश कुमार साह
रौतहट १५ माघ । जिल्ला प्रहरी कार्यालय रौतहटले सक्रियता बढाएको छ । जिल्ला तथा मातहतका युनिटहरु बाट खटेका प्रहरी गस्ती टोलिले २ करोड भन्दा बढिको अबैध सामान बरामद गरेको छ । जुन गत आर्थिक बर्षको तुलनामा दोब्बरले वृद्धि भएको देखिएको छ । यस आर्थिक बर्षको साउन देखि पुस मसान्तसम्म ६ महिनाको अवधिमा रौतहट प्रहरीले जिल्लाको विभिन्न स्थान बाट २ करोड २० लाख,१८ हजार ५५६ रुपैया बराबरको अबैध सामान बरामद गरेको हो। भारतिय बजार बाट भन्सार छलेर अबैध रूपमा तस्करहरुले भित्राएको किराना,कपडा ,हार्डबेयर,कस्मेटिक लगायतउक्त परिमाण बराबरको विभिन्न सामान बरामदगरि आवश्यक कार्वाहीको लागिभन्सार कार्यालय बुझाईएको जिल्ला प्रहरी प्रमुख एसपी वीर बहादुर बुढा मगरले बताएका छन ।
उक्त परिमाण गतआर्थिक बर्षको तुलनामा दोब्बरले राजस्व वृद्धि भएको एसपी बुढा मगरले जानकारी दिएका छन ।
गतआर्थिक बर्ष २०७८/०७९ मा रौतहट प्रहरीले मात्र २ करोड ३३ हजार ४६८ रुपैया बराबरको अबैध सामान बरामदगरि भन्सार बुझाएको जिल्लाप्रहरी कार्यालय रौतहटको तथ्यांकमाउल्लेख छा त्यसैगरी यस आर्थिक बर्षको ६ महिनामाप्रहरीले विभिन्न स्थान बाट स्रोत नखुलेको २३ लाख २८ हजार ५०० रुपैया बरामद गरेको छ । तस्करी लगायत विभिन्न गैरकानुनी काममा संलग्न ६८ जनालाई पक्राउ गरि कार्वाहीको दायरामा ल्याएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी सुनिल मल्लले बताएका छन ।
त्यस्तै सोहीअवधिमा १ लाख ३४ हजार नेपाली नक्कली नोट ,एकथान भरुवा बन्दुक एक थान कटुवा पेस्तोल प्रहरीले बरामद गरेको छ।
लागुऔषध तर्फ ६ महिनाको अवधिमा प्रहरीले ६९६ किलोग्राम गांजा, नाईट्रोभेट ६ हजार ४३३ ट्याबलेट,डाईजेपाम ईन्जेक्सन २ हजार ६६१ एम्पुल, फेनारगन २ हजार ६७७ब्रुफिन ईन्जेक्सन २ हजार ६९१ एम्पुल र कोरेक्स सिरप ५१ फाईल बरामद भएको प्रवक्तामल्लले जानकारी दिएका छन ।
त्यस्तै जिल्लाको विभिन्न स्थानमा अबैधरूपमा संचालित १८ वटा रक्सी भटिमा छापामारी १ हजार ५० लिटर तयारी मदिरा बरामद ,६ हजार ७० लिटर कच्चापदार्थ नस्ट, ७ थानमदिरा उत्पादन गर्ने मेसिन ,६० थान ड्रम,२ थान सवारी साधन प्रहरीले बरामद गरेको छ।
जिल्लाको विभिन्न नदिखोला बाट अबैध रूपमा गिट्टीबालुवा ढुवानी गरिरहेको ४६ वटा सवारीसाधन नियन्त्रणमा लिएर संबंधित कार्यालयमा बुझाउंदा १ लाख ५७ हजार रुपैया राजस्व संकलन भएको प्रहरीको तथ्यांकमा रहेको छ । त्यसैगरी जिल्लाको विभिन्न क्षेत्रमा रहेको सरकारी तथा सामुदायिक बन बाट तस्करले अबैध कटानी गरेको २९७ क्युफिट सालको काठ सहित १ थान मोटरसाइकल र ९ थान साईकल प्रहरीले बरामद गरेको छागत साउन देखि पुस मसान्तसम्म जिल्ला प्रहरी तथा मातहत प्रहरी कार्यालयहरुमा कुल ३७१ मुद्दा दर्ता भएको जस मध्ये ६२ प्रतिशत अर्थात २१४ मुद्दा फर्छौट भैसकेको छा सोही अवधिमा प्रहरीले रौतहटको विभिन्न स्थानमा सामुदायिकप्रहरी साझेदारी संग सम्बन्धित २२८ कार्यक्रम गरेको जसबाट ८ हजार ३८५ नागरिक लाभान्वित भएको प्रहरीको तथ्यांकमा उल्लेख रहेको छ ।

# महिला सहित आठजना काठ तस्कर पक्राउ

डम्बर राई
कञ्चनरुप १५ माघ । सप्तरी कञ्चनपुर स्थित पूर्वी सव वन डिभिजन कार्यालयका कर्मचारीले आठजना काठ तस्करहरुलाई पक्राउ गरेका छन् ।
गस्ती गर्नेक्रममा कञ्चनरुप नगरपालिका १२ का धारापानी र सुन्दरी सामुदायिक वन उपभोक्ता समूहको सिमानामा पर्ने कडिया खोला दोभानबाट शनिवार साँझ सातबजेको समयमा काठ सहित पक्राउ गरेका हुन् ।
पक्राउ पर्नेहरुमा कञ्चनरुप नगरपालिका ९ स्थित रघुनाथपुरका श्यामसुन्दर सरदार, बर्ष ४७ को राजेन्द्र दास, बर्ष ३० को सलम सरदार, बर्ष ३० की दसनी सरदार, बर्ष ३५ की लक्ष्मीदेवी सरदार, बर्ष २२ को ऋषि सरदार, बर्ष २४ की राजवति सरदार र बर्ष ३५ की फुलोदेवी सरदार छन् ।
चोर सहित पक्राउ परेका साल जातका काठ २ थान चौपट्टा र ६ थान तछुवा खम्वा रहेको सप्तरी डिभिजन वन कार्यालय राजविराजले जानकारी गराएका छन् । रेन्जर लक्ष्मण साफीको अनुसार ६ इन्च मोटाई ४ इन्च चौडा ७ फिट लम्वाईको चौपट्टा तथा ४ इन्च मोटाई ३ इन्च चौडा ७ फिटे लम्वाईको चौपट्टा र १२ फिट लम्वाईका खम्वाहरु छन् ।
पक्राउ परेका महिलाहरुलाई इलाकाप्रहरी कञ्चनपुरमा सुरक्षार्थ राखिएका छन् भने पुरुषलाई सव वन डिभिजन कार्यालयमा राखिएका छन् । अभियुक्तहरुलाई आइतवार जिल्ला वन डिभिजन कार्यालयबाट म्याद थप गराई आवश्यक कार्वाहि प्रक्रिया सुरु गरिएको वन रक्षक विरेन्द्र यादवले बताए ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

विदेह नगरपालिका
धनुषा, मधेश प्रदेश

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

जनकनन्दनी गाउँपालिका
धनुषा, मधेश प्रदेश

सम्पादकीय

# औपचारिक नबनोस शहिद दिवस

आज शहिद दिवस । बि.स.१९९७ साल माघ १० देखि १५ सम्ममा शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथ चन्दलाई मृत्युदण्ड दिइएको संभ्कना गर्दै शहिद सप्ताह मनाइन्छ ।र, प्रत्येक वर्षको माघ १६ मा औपचारिक रुपमा शहिद दिवस मनाउने गरिन्छ ।राजधानी काठमाडौंमा प्रधानमन्त्री, मन्त्रीहरु, संवैधानिक निकायका प्रमुख लगायत सरकारी ओहदाका कर्मचारी, सेना प्रहरीहरुले प्रभात फेरी गर्दै शहिद गेटमा पुगेर शहिदहरुको शालिकमा माल्यार्पण गर्ने गर्दछन् ।राष्ट्रपति, प्रधानमन्त्री तथा राजनीतिक दलका नेताहरुले शहिदहरुको संभ्कना गर्दै वक्तव्यहरु जारी गर्दछन् । खास गरेर औपचारिकता निर्वाह गर्दै शहिदहरुको योगदानको चर्चा गर्ने गरिएको हुन्छ, त्यस्ता व्यक्तहरुमा ।

शहिदहरुले गरेको समर्पण,त्याग बलिदानको मूल्यमा नेपालमा प्रत्येक राजनीतिक परिवर्तनहरु भएका हुन् ।तर,शहिदहरुले गरेको योगदान, समर्षण र बलिदानलाई आम्मसात गर्दै उनीहरुका सपना साकार पार्ने काम भएका छन त? आशातित काम भएका छैनन् । २००७ सालको परिवर्तनलाई त्यसबेलाको सामाजिक, राजनीतिक परिवेशमा आँकलन गर्नुपर्दछ । सात सालको आन्दोलनको राजनीतिक पृष्ठभूमि त्यसको दुई दशक अघि देखिनै भएको हो । राजा र जनता दुबै राणाहरुको बन्दी जस्तै बनेको समयमा प्रतातान्त्रिक राजनीतिक व्यवस्थाको पक्षमा ज्यानको बाजी थापेर काम गर्नेहरुलाई त्यसबेला मृत्युदण्ड दिइन्थो ।

२००७ सालको परिवर्तन पछि २०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्था खोसेर शासन आफ्नो हातमा लिए । लोकतान्त्रिक मूल्य मान्यताको व्यवस्था खोसेर एक दलिय तानाशाही पंचायती व्यवस्थाको तीन दशक लामो शासनमा ठूलो संख्यामा व्यवस्था विरोधीको नाममा मृत्युदण्ड दिइएको थियो । नियन्त्रण लिएर बन्दी बनाएर राख्ने र राजाको आदेशमा चल्ने अदालतबाट फैसला गराएर मृत्युदण्ड दिने गरिन्थ्यो ।२०४६ सालको लोकतान्त्रिक आन्दोलन, २०६२/६३ का आन्दोलन, माओवादी शसस्त्र द्धन्दका समयमा राज्यले नियन्त्रणमा लिएर दिएका मृत्युदण्ड र तीन चरणका मधेश आन्दोलनहरुमा समेत गरेर ठूलो संख्यामा युवाहरुले बलिदान गरेका छन् । राज्यले शहिद भनेर उनीहरुको नाम लेखेको छ, औपचारिक सम्मान दिएको छ अधिकांशलाई । तर, राजनीतिक परिवर्तन, पहिचानको राजनीतिका लागि उनीहरुले गरेको आहुतीको मूल्य हामी बाँचेकाहरुले तिर्न सकेका छौं ? राजनीतिक परिवर्तनहरु पछि जिम्मेवार नेताहरुमा देखिएको सत्तालिप्सा, सत्ताका लागि जस्तोसुकै गठबन्धन, भष्ट्राचार, नातावाद, कृपावादका यावत कर्म र क्रियाहरुले ति तमाम शहिदहरुको आत्मालाई शान्ति दिन सकेको होला ? अनुत्तरित छ प्रश्न ।

नेपालको इतिहासमा जनकपुरमा राजा महेन्द्र चढेको गाडीलाई लक्षीत गर्दै बम हान्ने दुर्गानन्द झाको अतुलनिय योगदान छ । उनलाई २०२० माघ १५ मध्यरातमा सुन्धारास्थित केन्द्रीय कारागारमा गोली हानी मृत्युदण्ड दिइएको थियो । २०१८ साल माघ ९ गते राजा महेन्द्र जनकुरमामा विशेष विभानबाट ओर्लिएर जानकी मन्दिर जाने क्रममा महान क्रान्तिकारी दुर्गानन्दले बम प्रहार गरी देश र दुनियांलाई नयाँ सन्देश दिएका थिए । युवा दुर्गानन्दको कदम पछि तानाशाही विरुद्धको आवाज विश्वभरि फैलिएको थियो । बम राजा महेन्द्रलाई लागेन, उनी बचे । यता दुर्गानन्द प्रहरीको नियन्त्रमा परेका थिएनन् । उनी लुकिछिपि भारतमा पुगेर कांग्रेसजनहरुसँगै निर्वासनमा थिए । सो बमकाण्डमा प्रहरीले ५९ जनालाई समातेको थियो । नियन्त्रणमा लिएकाहरुलाई चरम यातना दिएको थाहा पाएपछि उनले मन थाम्न सकेनन्, उनी पश्चातामा परे । आक्रामक स्वभावक दुर्गानन्द २०१८ साल वैशाखमा जयनगर जनकपुर रेल चढेर जनकपुर आए र स्वंय गिरफ्तारी दिएकों बरिष्ठ पत्रकार राजेश्वर नेपालीले दुर्गानन्द झा सम्बन्धी आलेखमा उल्लेख गरेका छन् ।

प्रहरी नियन्त्रणमा परेपछि उनलाई काठमाडौं ल्याइयो । सरकारले गठन गरेको विशेष अदालतका न्यायाधीस पशुपति प्रसाद उपाध्याय अध्यक्ष रहेको उच्च स्तरीय छानविन समितिले २०१९ भाद्र १९ मा दुर्गानन्द झाका साथै अरविन्द कुमार ठाकुर र दलसिंह थापालाई मृत्यु दण्ड दिने निर्णय गरेको थियो । विशेष अदालतको निर्णय विरुद्ध सर्वोच्च अदालतमा अपीलमा गरिएको भएपनि सर्वोच्चले विशेष अदालतकै निर्णयलाई मनासिब ठहराउँदै काटी मारी दिने निर्णय गरेको थियो । त्यस बेलासम्म नेपालमा ब्राम्हणलाई मृत्युदण्ड दिइदैन थियो । राजाले २०२० साल भाद्र १ मा मुलुकी ऐनमा संशोधन गरी सबैलाई एक समान सजाय दिने व्यवस्था गरियो । यसैबीच दुर्गानन्द झालाई प्रचलित कानून अनुसार गर्ने र अन्य दुई जना अरविन्द कुमार ठाकुर र दलसिंह थापाको मृत्यु दण्डलाई जन्म कैदमा परिणत गर्ने अदालतले फैसला गर्यो । यसैबीच दुर्गानन्द झालाई २०२० माघ १५ गतेको मध्यरात्रिमा सुन्धारास्थित केन्द्रीय कारागारमा गोली हानी मृत्युदण्ड दिइएको थियो ।

सम्पूर्ण शहिदहरुको बलिदान आत्मसात गर्दै उच्च सम्मान गर्नसकियो भनेमात्र शहिद दिवशको औचित्य पुष्टी हुन्छ । उनीहरुको आत्माले शान्ति पाउँने काम गर्न सकियो भनेमात्र शहिदको सपना साकार हुने हो ।

# सूचनाको हक निष्क्रृय पार्ने निर्णय ८७ नीतिगत विषय गोप्य

*व्यक्तिगत गोपनीयताका क्षेत्रहरू भनी १४ प्रकारका नीतिगत विषयहरू उल्लेख छ। जबकी चार वर्ष अगाडि नै संसद्ले व्यक्तिगत गोपनीयताको हक सम्बन्धी ऐन बनाइसकेको छ। तर, सो ऐनका क्षेत्रहरू भन्दा निकै परसम्मका विषयहरूलाई व्यक्तिगत गोपनीयताको विषय भनी गोप्य राख्ने निर्णय समितिले गरेको छ।*



– आदित्य दाहाल

नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा रहने सूचनाको वर्गीकरण सम्बन्धी समितिले सूचनाको हक सम्बन्धी ऐन, २०६४ लाई प्राय निष्क्रृय पार्ने गरी ८७ प्रकारका विषयहरू गोप्य रहने वर्गीकरण गरेको छ । अघिल्लो शेरबहादुर देउवा सरकार जाने र पुष्पकमल दाहाल नेतृत्वको नयाँ सरकार आउने सङ्क्रमणकालीन समयको मौका पारेर सो समितिले गत पुस १२ गते गरेको निकै नियन्त्रणात्मक सूचनाको वर्गीकरण सम्बन्धी निर्णय ढिलो गरेर राष्ट्रिय सूचना आयोगलाई पठाएको छ। आयोगमा गत पुस २९ गते आइपुगेको सो जानकारी हालसम्म सार्वजनिक भएको छैन ।

स्वतन्त्र समाचार सेवालाई नेपाल सरकारको एक स्रोतबाट प्राप्त सूचना वर्गीकरण सम्बन्धी सो निर्णयको प्रतिलिपि अध्ययन गर्दा विभिन्न पाँच खण्डमा ८७ प्रकारका नीतिगत विषयहरू नागरिकको सार्वजनिक पहुँचमा नहुने गरी संरक्षित राख्न गोप्य रहने लामो अवधि निर्धारण गरिएको पाइएको छ।

विगतमा बाबुराम भट्टराई प्रधानमन्त्री रहेको बेलामा यसै गरी ८० प्रकारका नीतिगत विषयहरू गोप्य रहने गरी वर्गीकरण गरिएको थियो । सो वर्गीकरणलाई सर्वोच्च अदालतले पछि बदर गरिदिएको थियो। तर, अहिले पुनः सोही वर्गीकरणलाई अझै विस्तार गरेर अनेक विषय गोप्य रहने गरी वर्गीकरण निर्देशिका जारी गरिएको हो।

नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था र अन्तराष्ट्रिय सम्बन्ध विषय अन्तरगत २९ प्रकारका सूचनाहरू ३० वर्ष, २० वर्ष र १० वर्ष गोप्य रहने निर्णय गरिएको छ। जसमा बुँदा नं १० अन्तरगत 'उच्च पदस्थ पदाधिकारीबाट हुने भेटघाट तथा छलफल सम्बन्धी विषय' २० वर्ष गोप्य रहने उल्लेख छ। यस्तै बुँदा नं २२ मा 'कुनै पनि निर्णय प्रक्रियामा रहेको र अन्तिम निर्णय भैनसकेका' विषय उल्लेख छ। यस्तै बुँदा नं २५ मा 'संसद र संसदीय समितिमा उठेका प्रश्नको सम्बन्धित मन्त्रालयको तर्फबाट प्रस्तुत गरिएका जवाफसँग सम्बन्धित विषय' उल्लेख छ।

यस प्रकारका व्यापक अर्थ लाग्ने र नागरिकको सूचनाको हकको अत्यन्त सामान्य जानकारीका विषयसमेत गोप्य रहने उल्लेख हुनुले संविधान प्रदत्त सूचनाको हक सम्बन्धी मौलिक हक र सूचनाको हक सम्बन्धी ऐन २०६४ पूर्णतः निरर्थक र निष्क्रृय बनाउने नियत स्पष्ट भएको कुरा सूचनाका हकका एक प्रमुख अभियन्ता तारानाथ दाहालले बताउनुभएको छ।

दाहालका अनुसार- बुँदा नं २९ मा उल्लेखित 'विशिष्टीकृत कानुनद्वारा गोप्य राख्नुपर्ने भनी तोकिएका विषय' भन्ने शब्दावलीले सूचनाको हकको कानुनलाई पुरै असान्दर्भिक बनाउने छ। यो शब्दावली देखाएर सूचना गोप्य राख्न तथा लुकाउन सहज हुने गरी बनाइएका विभिन्न ऐनहरू नै लागू हुनेछ साथै सूचनाको हक सम्बन्धी कानुन निस्तेज हुनेछ।

अपराध अनुसन्धान र तहकिकातसँग सम्बन्धित विषयका भनी विभिन्न ११ वटा नीतिगत विषयहरूलाई वर्गीकरणमा उल्लेख गरिएको छ । जसमध्ये बुँदा नं ३२ मा 'सार्वजनिक खरिद कानुन बमोजिम कालो सूचीमा राख्ने र सो उपर पुनरावलोकन समितिबाट निर्णय प्रक्रियासँग सम्बन्धित विषय' भनिएको छ । यस्तो विषयको सूचना १५ वर्षसम्म गोप्य राख्ने उल्लेख छ । यस्तो व्यवस्थाले कालो सूचीमा परेका ठेकेदारसँग सम्बन्धित सूचनासमेत माग गर्न नागरिकहरूलाई रोक लगाउने छ।

यसैगरी बुँदा नं ३४ मा 'राजश्व चुहावट, करछली, शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन र सोको अनुगमन सम्बन्धी विषय' १० वर्ष सम्म गोप्य रहने उल्लेख छ। यस्तो व्यवस्था गर्ने हो भने विगतमा भ्याट छली प्रकरणमा गरिएको अनुसन्धान प्रतिवेदन जसरी सार्वजनिक हुन सकेको थियो त्यसरी हुन असम्भव हुन जान्छ।

त्यस्तै कुनै पनि छानबिन, जाँचबुझ, अध्ययन, अनुसन्धानका लागि गठित आयोग, समिति र कार्यदलको प्रतिवेदन पनि १० वर्षसम्म गोप्य रहने विषय बुँदा नं ४१ मा उल्लेख छ।

यस्तै आर्थिक, व्यापारिक र बौद्धिक सम्पत्तिको गोपनीयताको विषय भनी २९ वटा नीतिगत विषयहरूसँग सम्बन्धित सूचनाहरू गोप्य रहने उल्लेख छ। जसमा बुँदा नं ४५ मा 'सार्वजनिक निकायसँग भएको लिज सम्झौता सम्बन्धी विषय' उल्लेख छ। यस्तो विषय २० वर्षसम्म गोप्य रहने व्यवस्था गरिएको छ। यदि यस्तो हुने हो भने विगतमा नेपाल ट्रस्ट अन्तरगत भएका विभिन्न व्यापारिक सम्झौताहरू, चिनियाँ जहाज खरिदसँग सम्बन्धी सम्झौताहरू जसरी सार्वजनिक हुन सकेका थिए अब हुन सक्दैन। यसबाट सार्वजनिक निकायमा हुने भ्रष्टाचार र अनियमिततालाई उजागर गर्न नागरिक समाज र प्रेसका लागि असम्भव जस्तै हुने दाहालले बताउनुभएको छ।

वर्गीकरणको बुँदा नं ५५ मा अझ झन भ्रष्टाचारलाई पूर्णतः संरक्षण हुने गरी सूचनाहरू गोपनीय बनाउने विषय उल्लेख छ । जसमा भनिएको छ- 'विदेशी लगानीको लाभांश फिर्ता सम्बन्धी विवरण ५ वर्ष गोप्य रहने' । यदि यस्तो हुने हो भने विगतमा एनसेलको लाभांशमा करछली सम्बन्धी विवरण जसरी सार्वजनिक भएको थियो त्यस्तो सार्वजनिककरणलाई रोक्ने नियत स्पष्ट छ।

बुँदा नं ५९ मा त नेपाल सरकार समक्ष निर्णयका लागि पेश भएका विषय गोप्य रहने उल्लेख छ । यसको अर्थ सरकारले अब के विषयका निर्णयहरू गर्दै छ भन्ने कुरा नागरिकले जान्न र माग्न पाउँदैनन् । सरकारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, सबै तहका सरकारको प्रारम्भिक वित्तिय विवरणहरू, बजेटका सीमा, मध्यकालीन खर्च संरचनाको जानकारी र विशेष तथा समपूरक अनुदान सम्बन्धी विवरण समेत गोप्य रहने निर्णय सो समितिले गरेको छ । यसलाई लागू गरिने हो भने सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा पारदर्शिता र नागरिक सहभागिताको विषय करिबकरिब अन्त्यनै हुने देखिन्छ।

अझै बुँदा नं ७१ मा उल्लेखित 'दुईपक्ष सम्झौता बमोजिमका आयोजनारपरियोजना सम्बन्धित प्रतिवेदनसँग सम्बन्धित विषय' गोप्य रहने व्यवस्थाले कुनै पनि विकास आयोजना र परियोजनासँग सम्बन्धी त दस्तावेजहरू नागरिकको पहुँचमा आउन सक्ने छैन । यस्तो गर्ने हो भने निजगढ विमानस्थल, एमसीसी परियोजना, बुढीगण्डकी आयोजना जस्ता परियोजनासँग सम्बन्धित कुनै पनि कागजात र प्रतिवेदनहरू नागरिकले हेर्न पढ्न पाउँदैनन् ।

व्यक्तिगत गोपनीयताका क्षेत्रहरू भनी १४ प्रकारका नीतिगत विषयहरू उल्लेख छ । जबकी चार वर्ष अगाडि नै संसद्ले व्यक्तिगत गोपनीयताको हक सम्बन्धी ऐन बनाइसकेको छ। तर, सो ऐनका क्षेत्रहरू भन्दा निकै परसम्मका विषयहरूलाई व्यक्तिगत गोपनीयताको विषय भनी गोप्य राख्ने निर्णय समितिले गरेको छ।

जसअन्तरगत बुदाँ नं ७६ मा उलूलेखित एक हाँस्यास्पद प्रावधान यस्तो छ - 'कानुन तर्जुमाको प्रक्रियामा संकलित अभिलेखबद्ध जनधारणा र सुझाव' पाँच वर्षको लागि गोप्य रहने। यो प्रावधानले कानुन तर्जुमाको प्रक्रियामा हुने बहसलाई समेत पूर्णतः गोप्य राख्ने नियत देखिन्छ ।

- *बाँकी पृष्ठ ६ मा*






> यतिसम्म की बुँदा नं ८१ मा पाठ्यक्रम तयारी र पाठ्यपुस्तक लेखनको विषयसमेत गोप्य रहने निर्णय गरिएको छ। यस्तै बुँदा नं ८६ मा झन सुशासनको लागि ठूलै आघात पुग्नेगरि, 'सार्वजनिक पदमा नियुक्त पदाधिकारीको सम्पत्ति विवरण' गोप्य रहने निर्णय गरिएको छ भने बुँदा नं ८७ मा कुनै आयोजनाको अध्ययन प्रतिवेदनसमेत गोप्य राख्ने निर्णयसहितको निर्देशिका बनाइएको छ।

# हिमाली संस्कृतिको अनुपम गन्तव्य ल्होमान्थाङ

- वासुदेव पौडेल/धनबहादुर गुरुङ्ग

हिमालपारिको जिल्ला मुस्ताङको उपल्लो भेगमा अवस्थित टाँपुकैरुपमा व्यवस्थित छ, ल्होमान्थाङ । नेपालको मरुभूमि भनेर चिनिने यो ठाउँ हिमाली संस्कृति हेर्न र बुझ्न चाहनेका लागि पुग्नैपर्ने गन्तव्य हो। मौलिक संस्कृतिले भरिपूर्ण ल्होमान्थाङको भू-वनोटले पहिलोपटक यहाँ आउनेलाई सपनाको संसार जस्तै अनुभूति गराउँछ। पछिल्लो समयमा भएका राजनीतिक परिवर्तनसँगै ठाउँठाउँमा सामाजिक व्यवस्थामा परिवर्तन आए पनि ल्होमान्थाङमा अहिले पनि परम्परागत नेतृत्व प्रणालीको अभ्यास भेटिन्छ । गण्डकी प्रदेशको उत्तरी ढोकाको पहिचान बनाएको यो मुस्ताङको उपल्लो थलो 'ल्हो' उपत्यका हो। जुन ऐतिहासिक ल्हो राज्यको राजधानी पनि हो। यहाँ ग्रामीण नेतृत्वका रुपमा मुखियाको नियुक्ति तथा परिचालन गर्ने परम्परा धेरै पहिलेदेखि चल्दै आएको अनुसन्धानकर्ता रामचन्द्र बराल बताउनुहुन्छ। बरालको 'ल्हो राज्यका घेन्पा राजनीतिले सिकाएका पाठ' शीर्षकको अनुसन्धानमा नेपालको एकीकरण भन्दाअघि भोट र भारतका बीच आर्थिक कारोबारका लागि प्रयोग हुँदै आएका पाँच वटा पैदलमार्गमध्ये सबैभन्दा होचो र छोटो मार्गका रुपमा ल्होमन्थाङले आफ्नो परिचय बनाएको उल्लेख छ । तत्कालीन भोट-भारत व्यापारका अन्य मार्गमा केरुङ, ओलाङचुङगोला, हुम्लाको हिल्सा र कालापानी रहेको बरालले बताउनुभयो। ल्होमन्थाङ प्रागऐतिहासिक समाजको अध्ययनको पनि महत्वपूर्ण थलो रहेको बताउँदै उहाँले भन्नुभयो, "यहाँका गुफाको जीवन, भेडा तथा चौंरी पाल्ने प्रचलन आदि प्रागऐतिहासिक समाजका जीवन्त प्रमाण हुन्।

तत्कालीन ल्हो राज्यअन्तर्गत यहाँका विभिन्न सात गाउँहरू समेटिएका थिए । जसमा ल्होमान्थाङसहित छुनुप, छोसेर, चराङ, सुर्खाङ, घमी र घिलिङ हुन्। ल्होमान्थाङ आउने पर्यटकले यहाँको ऐतिहासिकस्थलमा रमाउने मात्र नभई हिमाली संस्कार र संस्कृतिका जीवित इतिहास प्रत्यक्ष अनुभूति गर्न पाउँछन् । यहाँ ऐतिहासिक मुस्ताङी राजाको दरबार छ । लोमान्थाङको दरवार, गुम्बा, छोर्तेन, किल्ला र मानवबस्तीका गुफा उपल्लो मुस्ताङको मात्र नभएर नेपालका महत्वपूर्ण सांस्कृतिक सम्पदा हुन् । उपल्लो मुस्ताङमा ल्होमान्थाङ दरबार, चराङ दरबार र घमी दरबारले स्वदेशी एवं विदेशी पर्यटकलाई आकर्षित गर्ने गरेका छन्। ल्होमान्थाङ दरबारको पर्खालसँगै यहाँका हरेक भूभागलाई घेरिएको पर्खाल मौलिक विशिष्टता हो । ल्होमान्थाङ प्रवेश गर्ने स्थानमा निर्मित प्रवेशद्वारले यहाँको अवस्थितिको सङ्केत गर्दछ । पछिल्ला समयमा अधिकांश सहर प्रवेश गर्ने स्थानमा प्रवेशद्वार राख्ने प्रचलन ल्होमान्थाङकै सिको गर्दै गरिएको हुनसक्ने अनुमान गरिन्छ । बौद्ध धर्मगुरु पद्मसम्भवले तान्त्रिक विधिद्वारा यस स्थललाई शुद्धीकरण गर्दै बस्तीयोग्य बनाएको विश्वास पनि कायमै छ। यहाँ गुरु पद्मसम्भवलाई अत्यन्त श्रद्धाका साथ पुज्ने गरिएको छ । ल्होमान्थाङको प्रवेशद्वारबाट छिर्नासाथ यहाँको मौलिकताको प्रत्यक्ष अनुभूति गर्न पाइन्छ। प्राचीन कला, संस्कृति, मानव बस्तीका गुफा र पर्खालले घेरेको सहर नै यहाँको मौलिकता हो। एकैठाउँमा मिलेर बसेको बस्ती र यहाँ पाइने आतिथ्यताले जो कोही पर्यटकलाई लोभ्याउने गरेको छ। विशेषगरी यहाँ तिब्बती संस्कृतिको प्रत्यक्ष अनुभूति गर्न पाइन्छ । लोमान्थाङ मात्र नभई मुस्ताङका हरेक गाउँमा मुखिया प्रथा प्रचलनमा रहनु यहाँको अर्को मौलिकता हो। लोमान्थाङमा अझै पनि गाउँलेको आफ्नै कानुन चल्छ। सकेसम्म प्रहरी र अदालतमा नजाने गरी आफ्ना आन्तरिक समस्या गाउँमा नै समाधान गर्ने यहाँको परिपाटी अहिले पनि कायमै छ । यहाँका स्थानीयवासीले आफ्ना अधिकांश समस्या मुखिया कहाँ नै पुगेर छिनोफानो गर्दै आएका छन्। गुफा, गुम्बालगायतका माटो निर्मित संरचना भएका कारण ल्होमान्थाङले माटोको सहरका रुपमा पनि उपमा पाएको छ । पछिल्ला समयमा जलवायु परिवर्तनको असरसँगै हिमाली क्षेत्रका माटो निर्मित संरचना जोगाउने विषय चासो र चिन्तामा परेको छ । विगतमा हिउँ पर्ने स्थानहरूमा पानी पर्नेक्रम बढ्दै जानुले यहाँका प्राचीन बस्ती एवं मौलिकता जोगाउने चिन्ता बढेको स्थानीयवासी बताउँछन्। दुई वर्षअघि मुस्ताङका लुप्रा, मार्फा, जोमसोम, छैरु, ठिनी, स्याङलगायतका गाउँमा वर्षाले ठूलै असर गरेको थियो। उपल्लो मुस्ताङका अधिकांश जनता दसैंपछि पोखरा झर्छन्।

केही पालो गरेर गोठ कुरेर बस्छन्। केही जिम्बु, क्युरियोलगायतका सामग्री झोलामा हालेर जाडो छल्न पहाडतिर झर्ने गर्छन् । विद्यार्थी घुम्ती विद्यालयमा पढ्न पोखरा जाने गर्छन् । यहाँका नागरिकको जीवन र जीविका गहुँ, फापर, उवा, केराउ, साग, आलुलगायतसँग जोडिएको छ । चौंरी, भेँडाच्याङ्ग्रा, गाई, घोडा, हिमाली नागरिकका सुखदुःखका साथी हुन्। सामान्यतः पानी नै नपर्ने र परिहाले पनि अत्यन्त कम पर्ने यी बस्तीमा पानी पर्दा अधिकांश घरमा क्षति पुगेको थियो। माटोको प्रयोगबाट निर्माण गरिएका घर, गुम्बा एवं बस्तीमा पानी पर्न थालेसँगै आगामी दिनमा यी संरचना कसरी जोगाउने भन्ने चिन्ता जगाएको छ। हिउँ नपरे पनि चिन्ता हुन्छ, बढी परे पनि नोक्सानै बनाउँछ। प्रायः चिसो भइरहने भएका कारण माटोले बनाइएका यहाँका घर वातावरण अनुकूलका मानिन्छन् । माटो छाइएका घरमा बाहिर जस्तोसुकै हिउँ परे पनि घरभित्र तातो हुनु यहाँको विशिष्टता हो। पछिल्ला समयमा हिउँ पर्न छोडेर पानी पर्नेक्रम बढ्दा यी ऐतिहासिकस्थलको माटोसँग जोडिएको मौलिकता जोगाउने विषय यतिखेर सर्वत्र चासो बनेको छ।

उपल्लो मुस्ताङका ल्होमान्थाङ, छोनुप, छोसेर, सुर्खाङ, चराङ, घमीलगायतका स्थानमा अत्यन्त कम मात्रामा हिउँ पर्न थालेपछि ती स्थानमा वर्षेनी खानेपानीको अभाव बढ्दै गएको स्थानीयवासी बताउँछन् । पानीको चरम अभावसँगै छोसेरको सामजुङ बस्तीलाई सात/आठ वर्षअघि पानीकै खोजीमा नमासुङ भन्ने गाउँमा स्थानान्तरण गरिएको थियो । ल्होमान्थाङ र आसपासका क्षेत्रमा प्राग ऐतिहासिक युगमा मानिसले विभिन्न ढुङ्गामा खोपेर बनाएका चित्रहरू पाउन सकिन्छ। पुरातत्व विभागले उपल्लो मुस्ताङका समर आसपासका स्थानमा ढुङ्गामा खोपिएका त्यस्ता चित्र संरक्षण पनि गर्दै आएको छ । पछिल्ला समयमा यहाँको पुरातात्विक सम्पदाको संरक्षणमा पुरातत्व विभागले चासो दिएको छ । ल्होमान्थाङलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि सम्भावित सूचीमा यसअघि नै राखिसकिएको छ। पहिले आफैं विकास निर्माणको काम गर्ने लोमान्थाङवासी पछिल्लो समय सरकारसँग हात फैलाउन थालेका छन्। देश सङ्घीय संरचनामा गइसकेपछि गाउँगाउँमा सरकार बनेपछि उनीहरू सरकारको सहयोगको आशा गर्ने भएका हुन् । ऐतिहासिकस्थल भएर पनि यो क्षेत्र अझै पनि प्रवर्द्धनको पर्खाइमा रहेको ल्होमान्थाङ गाउँपालिकाका पूर्वध्यक्ष सुवर्ण विष्ट बताउनुहुन्छ । सरकारले उपल्लो मुस्ताङलाई चिन्न नसकेको बताउँदै उहाँले पछिल्ला समयमा स्थानीय पालिका एवं प्रदेशमार्फत सहयोग गर्न थालिए पनि उक्त सहयोग पर्याप्त हुन नसकेको बताउनुभयो । "यहाँ पर्यटक लोभ्याउने र भुलाउने धेरै चीज छन् यसको प्रचारमा अझै कमी भएको छ, उहाँले भन्नुभयो," यो गाउँका बारेमा प्रचारप्रसार हुनसके पनि भने जस्तो विकास गर्नसके पर्यटकको ओइरो लाग्ने निश्चित छ । स्थानीयवासी पेम्बा विष्टले उपल्लो मुस्ताङमा सरकारले विकासको पूर्वाधारमा ध्यान नदिएको बताउनुहन्छ। ल्होमान्थाङमा बाटो, बिजुली, मोबाइल नेटवर्कलगायतमा समस्या रहेको उहाँले बताउनुभयो। राज्यले ल्होमान्थाङलाई हेर्ने नजर फरक रहेको बताउँदै उहाँले भौगोलिक विकटता भए पनि सांस्कृतिक सम्पदाले भरिपूर्ण ल्होमान्थाङको गुम्बा, गुफा तथा मन्दिरसँगै पुराना घरहरू लगायतको संरक्षण एवं प्रवर्द्धनका लागि राज्यको आँखा जानुपर्ने बताउनुभयो। रासस

# गङ्गालाल हृदय केन्द्र शैक्षिक प्रतिष्ठान हुनेछ : प्रधानमन्त्री प्रचण्ड

काठमाडौँ, १५ माघ
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बाँसबारीस्थित शहीद गङ्गालाल हृदय केन्द्रलाई शैक्षिक प्रतिष्ठानका रूपमा विकास गरिने प्रतिबद्धता व्यक्त गरेका छन ।




शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारीको २७औँ वार्षिकोत्सव समारोहमा बोल्दै प्रधानमन्त्रीले भने , तपाईंहरूले यस केन्द्रलाई शैक्षिक प्रतिष्ठानका रूपमा विकसित गर्ने चाहना र माग राखेका छन । यसको प्रक्रियाबारे सरकारले पनि गम्भीरतापूर्वक लिनेछ । तपाईंहरू पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् यसको प्रक्रिया बुझ्नुहोस् । सरकार यस केन्द्रलाई शैक्षिक प्रतिष्ठानका रूपमा विकसित गर्न प्रतिबद्ध छ ।

प्रधानमन्त्रीले गङ्गालाल हृदय केन्द्र नेपाली जनताको आशा र भरोसाको केन्द्र भएको बताए । उनले भने , गङ्गालाल हृदय केन्द्र देशभरिका नेपाली जनताको आशा र भरोसाको केन्द्रका रूपमा स्थापित भएको छ । जनताले यसलाई मुटुरोगको उपचार र आफ्नो भरोसाको केन्द्रका रूपमा बुझेका छन् । यसका लागि तपाईंहरू धन्यवादको पात्र हुनुहुन्छ । यसले आम रूपमा जनताको स्वास्थ्यप्रतिको संवेदनशीलतालाई प्रमाणित गर्दछ ।

प्रधानमन्त्री दाहालले शहीद गङ्गालाल हामी सबैले सम्मान गर्ने नाम भएको भन्दै तानाशाही र निरङ्कुशताविरोधी आन्दोलनका क्रममा शहादत प्राप्त गर्ने व्यक्तित्वको नाममा स्थापित हुनुको नाताले यस केन्द्रको भूमिका मुटुरोगका साथै लोकतन्त्रको सुदृढीकरण र सामाजिक न्यायसँग पनि जोडिएको बताए । विपन्न वर्गलाई सहज स्वास्थ्य सेवा प्रवाह गरेर यहाँहरूले लोकतन्त्र र सामाजिक न्यायप्रतिको भूमिका पूरा गर्नुहुनेछ भन्ने विश्वास लिएको छु, उनले भने ।

प्रधानमन्त्रीले नेपाली जनताको ठूलो बलिदान र सङ्घर्षबाट संविधान जारी भएको र त्यसमा सामाजिक न्याय र समानतालाई उच्च महत्व दिइएको बताए । संविधानमा नै स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा लिपिबद्ध गरिएको छ । तर, ती मौलिक हक कार्यान्वयन गर्ने प्रयोजनका लागि कानुन बनाउन बाँकी नै छ । नेपाल सरकार संविधानले परिकल्पना गरेअनुसारका नयाँ ऐनहरू यथाशीघ्र संसद्मा पेस गर्ने प्रक्रियामा छ, प्रधानमन्त्रीले भने ।

प्रधानमन्त्रीले अगाडि थपे , प्रधानमन्त्रीका रुपमा मेरो दोस्रो काल स्वास्थ्य क्षेत्रको विकासका निम्ति महत्वपूर्ण रह्यो । सोही कार्यकालमा स्वास्थ्य बीमा लागू भयो । विभिन्न प्राणघातक रोगको उपचारमा जनतालाई राज्यले सहयोग गर्ने प्रबन्ध गरियो । प्रत्येक स्थानीय तहमा आधुनिक अस्पताल निर्माणको निर्णय लिइयो । स्वास्थ्य सेवालाई देशैभरि विस्तार गरियो । मेरो तेस्रो कार्यकालमा सातै प्रदेशमा विशेष स्वास्थ्य क्षेत्रसहित प्रदेश अस्पतालहरू निर्माण गरिनेछ । त्यसमा मुटुरोगको युनिट पनि राखिनेछ । प्रधानमन्त्रीले आफू चुनौतीपूर्ण परिस्थितिमा प्रधानमन्त्री बनेको बताए । उनले अगाडि भने , अर्थतन्त्रको स्थिति तपाईहरूलाई थाहा नै छ । समाज निराशातिर जाने हो कि भन्नेखालका आशङ्का छन् । यस्तो परिस्थितिमा मैले सरकारको नेतृत्व गरेको छु । तसर्थ, हामीले देशलाई नयाँ उत्साह दिनुपर्ने छ । शिक्षा, स्वास्थ्य, रोजगारी, वैदेशिक रोजगारी, विकास र समृद्धिका क्षेत्रमा केही नयाँ गर्नुछ । यसका लागि तपाईंहरूको पनि सहयोग रहने मेरो विश्वास छ ।रासस

# अनुमतिबिना वस्तु विनिमय बजार सञ्चालन गरे कारबाही

काठमाडौँ, १५ (माघ)
अनुमति बिना वस्तु विनिमय बजार सञ्चालनमा ल्याउने कम्पनी कारबाहीमा पर्ने भएका छन् । नेपाल धितोपत्र बोर्डले आइतवार एक सूचना जारी गर्दै अनुमति बिना वस्तुको विनिमय बजार सञ्चालन गरे कारबाही गर्ने जनाएको छ ।




वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ को दफा ३ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि वस्तु विनिमय बजार र सोसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न नहुने व्यवस्था रहेको र बोर्डले हालसम्म वस्तु विनिमय बजार र सोसँग सम्बन्धित व्यवसाय गर्न कसैलाई पनि अनुमति प्रदान गरेको छैन, बोर्डले जारी गरेको सूचनामा भनिएको छ ।

बोर्डले वस्तुको विनिमय बजार सञ्चालन गर्न कम्पनी स्थापना गर्न पूर्व स्वीकृतिका लागि निवेद दिनेसम्बन्धी यही असोज २ मा सूचना प्रकाशन गरेको थियो ।

तर, सर्वोच्च अदालतको अल्पकालीन आदेशले सम्पूर्ण प्रक्रिया स्थगित छन् । वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ को दफा ३ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि वस्तु विनिमय बजार र सोसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न नहुने व्यवस्था छ ।

बोर्डले हालसम्म वस्तु विनिमय बजारसँग सम्बन्धित व्यवसाय गर्न कसैलाई पनि अनुमति प्रदान नगरेको बताएको छ । बिना अनुमति सञ्चालित वस्तु विनिमय बजार तथा व्यवसायीमार्फत् वस्तु विनिमय बजारसम्बन्धी कुनै किसिमको कारोबार नगर्न लगानीकर्तालाई बोर्डले आग्रह गरेको छ ।रासस

# १२ कम्पनी कालो सूचीमा

काठमाडौँ, १५ माघ
सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न १२ वटा कम्पनीलाई कालोसूचीमा राखेको छ । कार्यालयले एक सूचना प्रकाशित गरी विभिन्न निकायको सिफारिसमा निर्माण व्यवसायी/आपूर्तिकर्तालाई एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राखिएको जानकारी दिएको छ ।

कालोसूचीमा पर्ने कम्पनीमा मुख्य व्यक्ति गोपाल ढकाल रहेको युनिभर्सल मल्टी सर्भिसेस प्रालि शंखमुल काठमाडौँ, कुमार भण्डारी मुख्य व्यक्ति रहेको श्री स्वर्गद्वारी महाप्रभु विलडर्स प्रालि भिंग्री प्यूठान, कृष्णबहादुर खड्का मुख्य व्यक्ति रहेको श्री सुक्रिन निर्माण सेवा घोराही दाङ, निरजकुमार मिश्र मुख्य व्यक्ति रहेको श्री एसडी कन्स्ट्रकसन जनकपुरधाम धनुषा छन् ।

त्यसैगरी जगतबहादुर जोरा मुख्य व्यक्ति रहेको राष्ट्र निर्माण सेवा भागेश्वर गाउँपालिका डडेल्धुरा, जनार्धन धिताल मुख्य व्यक्ति रहेको मुक्तिनाथ बिल्डर्स एण्ड कम्पनी प्रालि टोखा धापासी, रामबहादुर राना मुख्य व्यक्ति रहेको लक्ष्मी निर्माण सेवा छत्रदेव अर्घाखाँची, प्रकाश कोइराला मुख्य व्यक्ति रहेको जलेश्वर निर्माण सेवा नीलकण्ठ धादिङ, माधवबहादुर घिमिरे मुख्य व्यक्ति रहेको डिभी घिमिरे कन्स्ट्रक्सन इच्छाकामना, कुरिनटार, पुष्करप्रसाद मुख्य व्यक्ति रहेको अञ्जना निर्माण सेवा भरतपुर चितवन छन् ।

कार्यालयका अनुसार रानीकुमारी रौनियार मुख्य व्यक्ति रहेको दिल्ली ट्रेडिङ वीरगञ्ज पर्सा र शिवहरि पुडासैनी मुख्यव्यक्ति रहेको बी म्यानेजमेन्ट प्रालि नयाँ बजार पोखरा छन् ।

कालोसूचीमा राखिएका कम्पनीले तोकिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने छैनन् । जगतबहादुर जोरा मुख्य व्यक्ति रहेको राष्ट्र निर्माण सेवा भागेश्वर गाउँपालिका डडेल्धुरालाई तीन वर्ष तथा बाँकी कम्पनीलाई एक वर्ष कालोसूचीमा राखिएको कार्यालयको भनाइ छ ।रासस

# धनकुटा महोत्सवमा ठेलमठेल हुँदा ३० जना घाइते

धनकुटा, १५ माघ
शनिबार राति धनकुटा महोत्सवमा ठेलमठेल हुँदा३० जना घाइते भएका छन् । ती मध्ये १८ जनालाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि पठाइएको प्रहरी उपरीक्षक लक्ष्मीराज अधिकारीले जानकारी दिए ।

उनका अनुसार १२ जना धनकुटा अस्पतालमा सामान्य उपचारपछि घर फर्किएका छन् । प्रतिष्ठानमा उपचार हुन नसकी दुई बच्चालाई गोल्डेन अस्पताल विराटनगरमा उपचारका लागि पठाइएको उद्योग वाणिज्य सङ्घ धनकुटाका अध्यक्ष विजय सन्तोषी राईले जानकारी दिए । विराटनगर पठाइएका बच्चा र प्रतिष्ठानमा उपचारत छ जना बालबालिकासहित सबैको स्वास्थ्य सुधारउन्मुख रहेको उहाँले बताउनुभयो । घाइते हुनेमा धनकुटा नगरपालिका -५ बस्ने ३१ वर्षीया विष्णु राई र उनकी छ वर्षीया छोरा आबिहाङ लिम्बू, ३० वर्षीया बिनिता लिम्बू, वर्ष १३ का सविन लिम्बू, वर्ष ११ का सुनिल लिम्बू, १२ वर्षीया श्रेया कटुवाल, धनपा-७ का प्रकट श्रेष्ठ, ३६ वर्षीया हिरा राणा, ३० वर्षकी आयुषा राई, वर्ष ५० का प्रकाश प्रधान र धनपा ४ का १२ वर्षीया प्रवेश राई रहेका छन् ।

यसैगरी अन्दाजी ४५ वर्षकी गोमा कार्की, २३ की अनिषा राई, वर्ष ४२ का नारायण राई, वर्ष ३४ की बुद्धिमायाँ लिम्बू, वर्ष १८ का सविन पौडेल, वर्ष ४२ का सन्दिप शाह, नाम नखुलेको करिब तीन/चार वर्षका एक बालक रहेका छन् ।

सुरक्षाका कारण देखाउँदै महोत्सव स्थगन गर्न जिल्ला प्रशासन कार्यालयले सर्वपक्षीय बैठकको तयारी गरिरहेको निमित्त प्रमुख जिल्ला अधिकारी ममता अधिकारीले जानकारी दिए ।

आयोजक संस्था उद्योग वाणिज्य सङ्घका अध्यक्ष राईले सबैसँग छलफल गरेर विधिवत् रुपमा महोत्सवको स्थगन गरिने जानकारी दिए ।

गायक प्रमोद खरेलको प्रस्तुतिसँगै ‘हाउजी बिङ्गो’ खेलका कारण अत्याधिक भीड भएको महोत्सवको मुलगेटबाट मान्छे एकैचोटी प्रवेश गर्ने क्रममा उक्त घटना भएको प्रहरीले जानकारी दिएको छ । यही माघ ६ गतेदेखि जारी प्रादेशिक औद्योगिक व्यापार तथा कृषि मेला एवं एभोकाडो धनकुटा महोत्सव थप दुई दिन थप्ने कार्यक्रम रहेको थियो ।रासस

# कोशी एक्स्पोमा अल्लोको कपडादेखि स्वादिलो अचारसम्म

विराटनगर, १५ माघ
विराटनगरमा आयोजना हुने सीएनआई एक्स्पोमा घरेलु तथा साना उद्यमीका उत्पादनलाई प्रवर्द्धन गर्न अल्लोको कपडादेखि विभिन्न स्वादका अचारका ‘स्टल’ रहने भएका छन् । एक्स्पो यही माघ १९ गतेदेखि २८ गतेसम्म चल्ने र सो एक्स्पोको साझेदार संस्था नेपाल घरेलु तथा साना उद्योग महासङ्घ मोरङको समन्वयमा लघु, घरेलु, साना र कृषि उद्यमीका लागि मात्रै ७२ स्टल रहने जनाइएको छ । ताप्लेजुङको राडी, तेह्रथुमको ढाका, भोजपुरको खुकुरी, विभिन्न जिल्लामा निर्मित हस्तकलाका सामान, घरेलु सामग्रीबाट निर्मित जुत्ताचप्पल, ढाकाका कपडा, विभिन्न जातका फलफूल र अचारका स्टल रहने छन् । हिमाली जिल्लाका जडिबुटी औषधि, छुर्पी, मह, चिज, अकबरे खोर्सानी लगायतका अर्गानिक कृषि उत्पादन पनि एक्स्पोमा राखिने नेपाल घरेलु तथा साना उद्योग महासङ्घ मोरङका अध्यक्ष चेतन निरौलाले बताए । विशेष गरी महिला संलग्न भएर सुरु गरिएका लघु तथा घरेलु उद्योग, कृषिजन्य वस्तुका विशेष उत्पादनलाई एक्स्पोका माध्यमबाट बजारसम्म पुऱ्याउने र उहाँहरुलाई पनि खुल्ला बजारमा पहुँच स्थापित गर्ने उद्देश्यका साथ स्टलका लागि समन्वय गरिएको अध्यक्ष निरौलाले जानकारी दिए ।

यो एक्स्पोमा हामी पनि साझेदारका रुपमा रहेका छौँ, त्यही भएर अनेकौं प्रकारका लघु तथा घरेलु, कृषि उद्यमको प्रवर्द्धनका लागि हामीले एक्स्पोमा विशेष स्थान पाएका छौँ उनले भने , हरेक उद्यमीलाई ठूला उद्योगी सरह आफ्ना उत्पादनको प्रदर्शनी र बिक्री वितरण गर्ने अवसर मिलेको छ, यो हाम्रो लागि निकै ठूलो उपलब्धि ठानेका छौँ ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घ मोरङले एक्स्पोको सहयोगी संस्थाका रुपमा रहेर आफ्नो क्षेत्रको व्यापार व्यवसायको प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गरेको छ । महासङ्घकै कारण जुटबाट बनेका र अरु धेरै हस्तकलाका सामग्रीलाई ठूला व्यवसायीले जस्तै प्रदर्शन गरेर उपभोक्तासमक्ष पुऱ्याउन लागेको महासङ्घकी महिला उपसमितिकी अध्यक्ष सुनिता छाराहाङले बताए ।



आफ्नै लघु उद्योगबाट उत्पादित भएको क्लिनिङ साबुन, फिनेल लगायतका सामग्री एक्स्पोमा राख्न पाएको उद्यमी रेखा चौधरीले सुनाए । त्यसैगरी अगरबत्ती, मसलालगायत वस्तुको उत्पादन गर्दै क्रमशः उत्पादन वृद्धि गर्दै लगे पनि बजार निर्माणमा सीप र ज्ञान नभएका कारण पछि परेको अनुभव भइरहेको बेलामा एक्स्पोमा स्टल पाएर आफ्नो उत्पादन प्रदर्शन र बिक्री वितरण गर्ने अवसर हुन लागेकोमा महिला उद्यमी सोमी चौलागाईंले व्यक्त गरे ।

सीएनआई कोसी एक्स्पो २०७९ मा चार सय बढी स्टलहरु रहने एक्स्पोकी सह-संयोजक गिरिजा सारडाले बताए । उनले महिलालाई स्टल राख्नका लागि विशेष रुपमा प्रोत्साहन गरिएको पनि जानकारी दिए । विराटनगर-२ शङ्कपुरमा एक्स्पोको तयारी तीव्र पारिएको छ । एक्स्पोमा स्टल बुक गरेका उद्यमी र उद्योगी व्यवसायीका लागि आइतबारसम्म सुविधा सम्पन्न डोम हस्तान्तरण गरिने जनाइएको छ ।रासस

जाडोमा अपनाउनुपर्ने सावधानीहरु

केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

मिथिला नगरपालिका
धनुषा, मधेश प्रदेश

जाडोमा अपनाउनुपर्ने सावधानीहरु

केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

कमला नगरपालिका
धनुषा, मधेश प्रदेश

# मदिरा र लागुपदार्थ विरुद्धको अभियान

महोत्तरी, १५ माघ
भारतसँग सीमा जोडिएको महोत्तरीको मनराशिसवा नगरपालिकाले थालेको मदिराजन्य र लागुऔषध नियन्त्रणको अभियान प्रभावकारी बन्दै गएको छ । नगरपालिकाले थालेको अभियानबारे सबैतर्फबाट सकारात्मक चासो बढ्दै गएपछि यसको कार्यान्वयन प्रभावकारी बनेको हो । केही दिन पहिलेमात्र नगर कार्यपालिकाको कार्यालय मनराशिसवाले भारतसँग सीमा जोडिएका नगरका छ वडामा मदिरा बनाउने, भण्डारण गर्ने, बेचबिखन गर्ने र सार्वजनिकरुपमा खुला प्रयोग गर्न नपाइने गरी रोक लगाएको छ । यसरी मदिरा पूर्ण रोक लगाइएका वडामा भारतसँग सीमा जोडिएका वडा नं २, ३, ५, ८, ९ र १० छन् । गत पुसमै थालिएको लागुपदार्थ विरुद्धको अभियान र यही माघ १ गते सुरु गरिएको मदिराजन्य नियन्त्रण अभियान प्रभावकारी बन्दै गएको नगर कार्यपालिकाको कार्यालयको ठम्याइ छ । मनराशिसवामा जम्मा १० वडा छन् । यीमध्ये छ वडामा मदिरा पूर्ण बन्देज गरिएको र बाँकी चार वडा (१, ४, ६ र ७) मा पनि मदिरा बिक्रीवितरण र प्रयोगमा सीमा तोकिएको नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत माधवेन्द्र चौधरीले जानकारी दिए । नगरक्षेत्रका भारतसँग सीमा जोडिएका छ वडाका सबै बस्तीमा मदिरा बनाउन, अन्यत्रबाट ल्याएर भण्डार गर्न, बेचबिखन गर्न र खुला प्रयोग (सेवन) गर्न नपाइने गरी पूर्ण बन्देज गरिएको छ, चौधरीले भने,त्यसैगरी अन्य बाँकी चार वडाका बस्तीमा पनि मदिरा बिक्रीवितरण र प्रयोगका सीमा तोकिएका छन् । वडा नं १, ४, ६ र ७ का सार्वजनिक कार्यालय, शैक्षिक तथा स्वास्थ्य संस्था र मठमन्दिरका तीन सय मिटर दूरीभित्र मदिरा भण्डारण, बिक्रीवितरण र सेवन गर्न नपाइने गरी सीमा तोकिएको नगर कार्यपालिकाको कार्यालयले स्पष्ट पारेको छ । गत पुस ३० गते सम्पन्न भएको नगरपालिकाको १०औं नगरसभाबाट पारित मदिरा नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी ऐन, २०७९ अनुसार यो कदम चालिएका प्रमुख प्रशासकीय अधिकृत चौधरीको भनाइ छ ।
सीमापारिको भारतको विहार प्रदेशमा मदिरा उत्पादन, भण्डारण, बिक्रीवितरण र खुला सेवन पूर्ण बन्देज हुँदा उताका मानिस मदिरा सेवनकै लागि वारि (नेपालतर्फ) आउने, होहल्ला गर्ने र कैयौं आपराधिक घटनासमेत बढ्दै गएपछि सीमा क्षेत्रमा मदिरा पूर्ण बन्देज गरिएको नगर कार्यपालिकाको कार्यालयले जनाएको छ । नगरसभा सम्पन्न भएसँगै माघ १ गतेदेखि नै लागू गरिएको यो व्यवस्थाले सीमा क्षेत्रमा दिनहुँ हुने होहल्ला निकै कम भएको सीमा क्षेत्रका नेपाली सर्वसाधारणले बताएका छन् । नगर कार्यपालिकाको कार्यालयले जारी गरेको सूचनाबारे प्रभावकारी अनुगमन र कारबाहीको कुराले पछिल्ला दुई साताभित्र नै सकारात्मक प्रभाव देखिएको दशगजासँगै जोडिएको इटहर्वाकिट्टी बस्तीका ललनकुमार सिंहले बताए । दशगजावारि बग्रेल्ती खुलेका मदिरा पसलमा दिनहुँजसो होहल्ला र मारपिटका घटनासमेत बाक्लिँदै गएपछि नगर कार्यपालिकाको कार्यालयले यसको कडाइका साथ नियमन थालेको हो । नगर कार्यपालिकाको कार्यालयले यसअघि नै लागुपदार्थ दुर्व्यसनविरुद्ध चारवर्षे अभियान सुरु गरिसकेको छ । लागुपदार्थको ओसारपसार भारतीय बजारबाट सीमाक्षेत्र हुँदै भित्र पस्ने र नेपाली युवा यसको दुर्व्यसनमा फस्दै गएका अवस्था रोकथाम गर्न अभियान थालिएको नगरप्रमुख मोहन पाण्डेले बताए । यी दुवै अभियान प्रभावकारी बन्दै गएका पाण्डेको भनाइ छ । नगर कार्यपालिकाको कार्यालयले थालेको लागूऔषध रोकथाम तथा नियन्त्रण अभियानमा हाल पाँच प्रकारका क्रियाकलाप समेटिएका नगरप्रमुख पाण्डेले स्पष्ट पारे । गत पुसमै थालिएको यो अभियानअन्तर्गत नयाँ दुर्व्यसनी बन्न नदिने, यसअघिका दुर्व्यसनीको पहिचान गर्ने, पहिचान भएकाको समुचित उपचारको प्रबन्ध गर्ने, लागुपदार्थको ओसार पसारमा लागेकाको पहिचान गरी उनीहरुलाई कारबाहीको दायरामा ल्याउने र आर्जनका काममा लाग्न सीप सिकाउने तथा यस दिशामा उत्प्रेरित गर्नेजस्ता क्रियाकलाप समेटिएका पाण्डेको भनाइ छ । प्रथम चरणमा लागुपदार्थ ओसारपसार तथा दुर्व्यसनविरुद्ध सचेतना अभियान बस्तीबस्तीमा आयोजना हुँदैछन् ।हामीले लागुपदार्थको ओसारपसार तथा दुर्व्यसनविरुद्धको अभियानलाई टोल, बस्तीका घरघरमा पुऱ्याउन सम्बन्धित वडाध्यक्षको नेतृत्वमा टोली बनाएका छौं, नगरप्रमुख पाण्डेले भने,यी टोलीमा वडाका जननिर्वाचित वडा सदस्य, स्थानीय विद्यालयका शिक्षक प्रतिनिधि, स्वास्थ्यकर्मी, राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी र आमा समूहका प्रतिनिधि परिचालित छन् । प्रथम चरणमा सचेतना अभियानका लागि रु पाँच लाख रकम विनियोजन गरिएको पाण्डेको भनाइ छ ।
नगरपालिकाको यो अभियानमा विभिन्न सामाजिक सङ्घसंस्थाले चासो जनाउँदै सहयोगको प्रतिबद्धता जनाउन थालेका छन् । लागुऔषधको 'कनेक्सन' सीमाक्षेत्रका भारतीय बजारदेखि पूर्वपश्चिम राजमार्ग नाघेर पहाडी जिल्ला हुँदै राजधानीसम्म जोडिएको हुँदा सो नगरपालिकाले थालेको यो प्रयत्नले सबैतिर सकारात्मक महत्व राख्ने बर्दिवास जनता बहुमुखी क्याम्पसका प्राचार्य तोपबहादुर ठकुरी बताउछन् ।रासस

## देवशिलाको जानकी ...............

निर्णयअनुसार १८ र १६ मेट्रिक टन तौलका, ७ फिट लम्बाइ, ५ फिट चौडाइ र ३ दशमलव ५ फिट मोटाइका दुईवटा शिलाको पहिचान र क्षमापूजा भएपछि बिहीबार श्रीपञ्चमीको शुभसाइतमा शिला जनकपुरधाम हुँदै सोमबार अयोध्या पठाइने छ । शिला संकलन तथा पठाउने कार्यमा सक्रिय रहेका जानकी मन्दिरका महन्थ दासले ढुंगाबाट कुदिएर निर्माण गरिने भगवान रामको बालस्वरुप राम मन्दिरको गर्भगृहमा रहने जानकारी दिए ।
राममन्दिरमा ४ सय वटा कलात्मक पिल्लर राखिएको छ । हरेक खम्बामा १६ वटा देवीदेउताका मूर्ति कुदिनेछ । मन्दिरमा ६ हजार ४ सय देवी देउताका कलात्मक मूर्तिहरु कुदिनेछ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२० अगस्त ५ मा मन्दिर निर्माणका लागि भूमि पूजन गरेका थिए । सो भूमि पूजनपछि मन्दिर निर्माणका कार्य प्रारम्भ भएको थियो ।
सन् २०१९ मा भारतको सर्वोच्च अदालतले मन्दिर निर्माणका लागि स्वीकृति प्रदान गरेको थियो । सो जग्गा राममन्दिर निर्माण प्राप्तिका लागि १३५ वर्ष लामो कानूनी लडाइ लडिएको थियो ।
अयोध्यासँगको जनकपुरधामको धार्मिक र ऐतिहासिक सम्बन्ध रहेकाले कालीगण्डकीको शिला अयोध्या लगेर भगवान श्रीरामको मूर्ति बनाउँदा कालीगण्डकीको महत्व अझै बढ्ने अयोध्याबाट आएका राम मन्दिर निर्माण समितिका सचिव पंकजले बताए ।
म्याग्दीको बेनी नगरपालिकाले गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरेको सो शिला गण्डकी प्रदेश सरकारले मधेस प्रदेश सरकारलाई जनकपुरधाम ल्याएर हस्तान्तरण गरेको हो । जनकपुरधामबाट प्रदेश सरकारले भारतलाई हस्तान्तरण गरेपछि सोमबार अयोध्या पठाइने बताइएको छ । शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीबाट बुधबार निकालेर गलेश्वरधाम परिसरमा लगिएको सो शिला बिहीबार मन्दिरमा रुद्राभिषेकसहित विशेष पूजाआजा गरी जनकपुरधामस्थित जानकारी मन्दिरमा ल्याइएको हो ।
कालीगण्डकी नदीबाट ल्याइएको दुई विशाल 'देवशिला' लाई जानकी मन्दिरमा आज भवयतापूर्वक विशेष पूजा गरिँदै छ । सो शिलाबाट भारतको अयोध्यामा निर्माणाधीन श्रीरामजन्मभूमि मन्दिरमा भगवान रामको मुख्य मूर्ति बनाइनेछ । म्याग्दीको बेनी नगरपालिका-६ ठूलोपहिरोस्थित कालीगण्डकी किनारको शिला क्रेनमार्फत निकाली गाडीमा राखेर गलेश्वर लगिएको थियो ।
बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकी मन्दिरका महन्थ रामतपश्वेर दास वैष्णवलाई हस्तान्तरण गरेपछि बाजागाजा र ऱ्यालीसहित सो शिला जनकपुरधाम ल्याइएको हो ।

**देवशिला अयोध्या लग्न योजना यसरी बन्यो**

नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिको पहलमा अयोध्याको राम मन्दिरमा भगवान श्रीरामको बालस्वरुप प्रतिमाका लागि नेपालको काली गण्डकीबाट शिला पठाउन लागिएको हो । गत साउन महिनामा नेता निधिले भारत भ्रमणमा रहेको क्रममा अयोध्या राम मन्दिर निर्माण समितिका अध्यक्ष नृपेन्द्र मिश्र, श्रीराम जन्मभूमि तीर्थ क्षेत्रका महामन्त्री चम्पत राय र भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवालेसँग भेट गरे । भेटमा नेता निधिले अयोध्यामा निर्माणाधीन श्रीराम जन्मभूमि मन्दिरमा राख्ने धातुको धनुष नेपालमै निर्माण गर्ने र रामको प्रतिमा बनाउन आवश्यक देवशिला कालीगण्डकीबाट ल्याउने प्रस्ताव राखेका थिए । जानकी मन्दिरका तर्फबाट धनुष राख्ने र रामको प्रतिमा नेपालको कालीगण्डकी क्षेत्रको शिलाबाट बनाउने निधिको प्रस्तावमा भारतीय पक्ष सहमत भएको थियो ।
त्यसपछि नेपाल फर्किएका निधिले सरकारलाई भारतीय पक्ष नेपालका दुवै प्रस्तावमा सहमति भएको जानकारी दिए । पुस ३ गते बसेको पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्को बैठकले रामको प्रतिमा निर्माणका लागि प्रयोग गरिने शालिग्राम शिलाको खोजी गर्ने निर्णय गरेको थियो । यसको खोजी म्याग्दी र कालीगण्डककी नदीको दोभानबाट सुरु गरिएको थियो ।
तत्कालीन समयमा शिलाको खोजीका लागि पहल गरेका निधिसहितको टोली नै शिला उत्खनन स्थलमा आएको थियो । गण्डकी प्रदेशको 'लाइफलाइन' कालीगण्डकी करिडोरअन्तर्गत उत्तर-दक्षिण जोड्ने बेनी-गलेश्वर सडकखण्डअन्तर्गत म्याग्दीको बेनी नगरपालिका वडा नम्बर-६ ठूलो पहिरोनजिकै कालीगण्डकी नदीको तीरमा १८ टनको क्वार्जराइट र १० टनको क्यालसाइट नामका शिला पहिचान गरिएपछि विधिपूर्वक उत्खननको तयारी गरियो ।
कालीगण्डकी नदीमा कालो र सेतो शिला प्रशस्त पाइए पनि शिला निकाल्न सम्भव नभएपछि सहज स्थानमा प्राविधिक तथा धार्मिक टोली केन्द्रित भएको थियो । उत्खनन गर्दा हुनसक्ने क्षतिबारे समेत टोलीलाई सचेत बनाइएको र निकालिन लागेको शिलाले नदी आसपासमा कुनै क्षतिको सम्भावना नभएकाले एक्स्काभेटरले खन्ने र क्रेनले उत्खनन गर्ने सहमति भएको थियो ।

# हरिपुर्वा नगरपालिकाको कामकाज ठप्प

सर्लाही, १५ माघ
कर्मचारी र जनप्रतिनिधिबीच विवाद भएपछि सर्लाहीको हरिपुर्वा नगरपालिका अनिश्चितकालका लागि बन्द भएको छ । बिहीबार जनप्रतिनिधि र कर्मचारीबीच सामान्य विषयमा विवाद भएको र त्यस लगत्तैदेखि अनिश्चितकालका लागि नगरपालिकाको सम्पूर्ण कामकाज ठप्प भएको हो ।
केही वडाध्यक्षहरूले बिहीबार प्रमुख प्रशासकीय अधिकृत वसन्तकुमार न्यौपानेलाई गालीगलौजसहित दुर्व्यवहार गरेको भन्दै कर्मचारीले नगरपालिकाको सम्पूर्ण कामकाज अनिश्चितकालका लागि बन्द गरेको हरिपुर्वा नगरपालिकाका प्रमुख विनोदकुमार साहले बताउनुभयो । उनका अनुसार केही वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत न्यौपानेबीच सामान्य विवाद भएको थियो ।
नगरकार्यपालिकाले भर्ना कार्यविधि तथा छनोट समिति बनाएर चालक, कार्यालय सहयोगी र सरसफाइकर्मी गरी करिब ३५ जनाको लागि आवेदन खुलाएको थियो । करिब तीन सय जनाले आवेदन दिएका र त्यसबाट खुला प्रतिस्पर्धाबाट करिब ३५ जना छनोट गरिएको थियो । त्यस क्रममा हरिपुर्वा नगरपालिका-३ का वडाध्यक्ष प्रमोद यादवले आफ्नो मान्छे नपरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत न्यौपानेसँग रुष्ट थिए । प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले नमानेपछि विवाद सिर्जना भएको र जसका कारण नगरपालिकाका सम्पूर्ण कर्मचारीले नगरपालिकामा ताला लगाएर कामकाज अनिश्चितकालका लागि ठप्प पारेका छन् ।
कर्मचारीले दोषी वडाध्यक्षमाथि कारबाहीको माग गर्दै अनिश्चितकालका लागि नगरपालिकाको सबै कामकाज ठप्प पारेको प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले बताए । नगरपालिकाको कामकाज अनिश्चितकालका लागि ठप्प भएपछि सेवाग्राही मारमा परेको स्थानीय वीरेन्द्रकुमार अधिकारीले बताए । उनका अनुसार हरिपुर्वा नगरपालिकामा यसअघिका जनप्रतिनिधको पाँचवर्षे कार्यकाल विवादै-विवादमा बिताएका थिए । नयाँ जनप्रतिनिधि आएपछि पनि उस्तै प्रकारको कलह देखिएको अर्का स्थानीय राधेश्याम रायले बताए । उनका अनुसार बजेट बाँडफाँटमा भागबण्डा नमिल्दा असारमै पास गर्नुपर्ने बजेट नगरपालिकाले एक महिनाअघि मङ्सिर अन्तिममा पारित गरिएको थियो ।
जनप्रतिनिधिबीच राजनीतिक सहमति हुन नसक्दा कर्मचारी चेपुवामा परेका प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले बताए । नगरप्रमुख साह अल्पमतमा रहँदा अहिलेका जनप्रतिनिधिको कार्यकाल पनि यसरी विवाद गरेर बित्ने सङ्केत देखिएको भन्दै हरिपुर्वाका स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् । जनप्रतिनिधि मिल्न नसक्दा हरिपुर्वामा विकासले गति लिन सकेको छैन । जनप्रतिनिधिबीचको विवादका कारण कर्मचारीले यसरी बर्सेनि दुर्व्यवहार सहिरहनुपरेको अर्का कर्माचारी सुनिलकुमार रायले बताए । यता प्रमुख प्रशासकीय अधिकृत न्यौपाने र नगरप्रमुख साह मिलेर आर्थिक चलखेल गरी आफ्ना मान्छेमात्रै छनोट गराएका कारण आफूहरूले त्यसको विरोध गरेको हरिपुर्वा नगरपालिका वडा नं ३ का वडाध्यक्ष प्रमोद यादवले बताए । उनले आफूहरूले प्रमुख प्रशासकीय अधिकृत न्यौपानेमाथि कुनै पनि दुर्व्यवहार नगरेको बताए । रासस

# बालिका मृत फेला परिन्

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । महोत्तरीको लोहारपट्टी नगरपालिका- ५ डठौरा गाउँबाट शनिबारदेखि हराइरहेकी एक बालिका पोखरीमा मृत फेला परेकी छिन् ।
जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलका अनुसार स्थानीय अरुण दासकी छोरी चार वर्षीया अंशुकुमारी आइतवार बिहान १० बजे आफ्नै घर पछाडि रहेको पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा फेला परेकी हुन् । उनी शनिबार खेल्दाखेल्दै घरबाट हराएकी थिइन्। उनलाई परिवारजन, इष्टमित्र, आफन्तजन र प्रहरीले शनिबार दिनभरि तथा रातभरि सबैतिर खोजतलाश गरिसक्दा पनि फेला फेला पारेका थिएनन् ।आज उनको शव आफ्नै घर पछाडि रहेको पोखरीमा तैरिरहेको अवस्थामा फेला परेको हो । मृतक बालिकाको शव परीक्षणका लागि जिल्ला अस्पताल लैजाने तयारी भइरहेको छ ।

# मुख्यन्यायधिवक्ताले गरे शपथ ग्रहण

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ । मधेस प्रदेशको मुख्य न्यायाधिवक्ता पदमा अधिवक्ता वीरेन्द्र ठाकुर नियुक्त भएका छन् ।
प्रदेश सरकारको सिफारिसमा उनलाई आइतवार प्रदेश प्रमुख हरिशंकर मिश्रले संविधानको धारा १६० बमोजिम ठाकुरलाई मुख्य न्यायाधिवक्ता नियुक्त गरेका हुन् ।
ठाकुरले आइतवार नै पद तथा गोपनीयताको शपथ समेत लिएको प्रदेश प्रमुखको कार्यालयका निमित्त कार्यालय प्रमुख शत्रुधन यादवले जानकारी दिए । सिरहा निवासी मुख्य न्यायाधिवक्ता ठाकुरलाई उच्च अदालत जनकपुरका कामु मुख्य न्यायाधिश गुणराज ढुंगेलले शपथ खुवाएका हुन् ।
प्रदेश सरकारको कानुनी सल्लाहकार मानिने मुख्य न्यायाधिवक्ताको वरियता उच्च अदालतको न्यायाधीश सरह हुन्छ ।

# भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार सक्रिय : अधिकारी

मधेशदृष्टि
सिरहा, १५ माघ । भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न अख्तियार सक्रिय रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका प्रमुख गोपालकुमार अधिकारीले बताएका छन् । सिरहाको धनगडीमाई नगरपालिकाको प्रशासनिक भवनमा आयोजित कार्यक्रममा उनले यस्तो बताए । तीनै तहको सरकारले पठाएको बजेट सदुपयोग नहुँदा आमजनतामा बढिरहेको निराशालाई अन्त्य गर्न अख्तियार सक्रिय रहेको भन्दै प्रमुख अधिकारीले सचेत नागरिकहरूले विकासका लागि आएको बजेट वितरणको प्रक्रिया र समयमा विकासका आयोजनाहरू सम्पन्नमा सक्रियता बढाउँदा अनियमितता रोकिने तर्क गरे ।
उनले भने स्थानीय तहमा आएको बजेटको दुरुपयोग कर्मचारी र जनप्रतिनिधिहरूकै मिलोमतोमा भइरहेको बढी उजुरी आउने गरेको छ। मधेश प्रदेशका आठवटै जिल्लामध्ये सिरहाबाट पनि बढी नै उजुरी आउने गरेकाले सरोकारवालाहरूलाई सचेत भई ऐन नियमको परिधिभित्रै रहेर काम गर्न अन्तर्क्रियाको आयोजना गरिएको छ ।
कार्यक्रममा धनगडीमाई नगरपालिकाका प्रमुख शिवशंङ्कर महतोले लोकतन्त्रको आधार स्तम्भ नै पारदर्शिता र जनसहभागिता भएकाले कुनै पनि विकास निर्माणका लागि आएको बजेटमा यही नीतिलाई आधार मानेर काम गर्ने विश्वास दिलाउँदै यस नगरपालिकालाई भ्रष्टाचारमुक्त नगरपालिका बनाउने बताए । समृद्धि, विकास र सामाजिक न्यायलाई केन्द्रमा राखेर कार्य गर्न सदैव तयार रहने प्रतिबद्धता व्यक्त गर्दै नगरप्रमुख महतोले भने भ्रष्टाचार र अनियमिता गर्न र गराउन जोकोहीलाई यस नगरपलिकामा ठाउँ हुने छैन । वडा नं. १४ का अध्यक्ष अमित ठकुरीले निर्वाचित जनप्रतिनिधिहरू दलीय दायरामा रहेर जनताका सामूहिक विकास गर्न फराकिलो हुनुपर्नेमा त्यस्तो संस्कृति नहुनुले पनि भ्रष्टाचार बढेको र सुशासनको प्रत्याभूति हुन नसकेको धारणा व्यक्त गरे ।
अख्तियारमा उजुरी गरे पनि कारवाही नहुँदा झन् अनियमित गर्नेहरूको मनोबल बढ्नुको साथै नीतिगत र संस्थागत भ्रष्टाचार बढिरहेको एक दर्जनभन्दा बढी सहभागीहरूले बताएका थिए ।

## सूचनाको हक निष्कृय पार्ने ...........

वर्गीकरण विवरणको बुँदा नं ७९, ८० र ८१ ले परीक्षा प्रणालीमा व्यापक सुधार भएको पारदर्शिताको संस्कृतिलाई पूर्णतः अन्त्य गर्ने नियत राखेको देखिन्छ । यतिसम्म की बुँदा नं ८१ मा पाठ्यक्रम तयारी र पाठ्यपुस्तक लेखनको विषयसमेत गोप्य रहने निर्णय गरिएको छ । यस्तै बुँदा नं ८६ मा झन सुशासनको लागि ठूलै आघात पुग्नेगरि, 'सार्वजनिक पदमा नियुक्त पदाधिकारीको सम्पत्ति विवरण' गोप्य रहने निर्णय गरिएको छ भने बुँदा नं ८७ मा कुनै आयोजनाको अध्ययन प्रतिवेदनसमेत गोप्य राख्ने निर्णयसहितको निर्देशिका बनाइएको छ ।
यो वर्गीकरणको निर्णय संविधान, ऐन र विगतमा सवोच्च अदालतबाट दुई पटक यसै विषयमा गरिएको फैसलाको विपरित रहेको कुरा सूचनाको हकका अभियन्ता दाहालले बताउनुभएको छ ।
उहाँ यस्तो असंवैधानिक र अलोकतान्त्रिक वर्गीकरणको निर्णय र सो सम्बन्धी निर्देशिकालाई तत्काल राष्ट्रिय सूचना आयोगले पुनरावलोकन गरी बदर गर्नुपर्ने बताउनुहुन्छ । यदि आयोगले यस्तो गलत निर्णय सच्याउन हिम्मत नगर्ने हो र यस्तो निर्णय बदर गर्न सरकारले राजनीतिक कदम नचाल्ने हो भने यसका विरुद्ध नागरिकहरू तत्काल आन्दोलनमा जानुपर्ने दाहालले बताउनुभएको छ ।
यस सम्बन्धी निर्णय गर्ने सूचना वर्गीकरण समितिमा मुख्य सचिव संयोजक र सम्बन्धित मन्त्रालयको सचिव तथा सो विषयका विशेषज्ञ सदस्य रहने व्यवस्था छ । तर, यो निर्णय गर्ने समितिले वर्गीकरणका लागि को को सहभागि भएको समिति गठन गरेको थियो र सो समितिले कहिलेकहिले कुनकुन विषयमा छलफल गरी निर्णयहरू गर्यो भन्ने जानकारी सार्वजनिक गरेको छैन । यो निर्णय प्रक्रियागत रुपमा पनि शंकास्पद र कानुनसम्मत नरहेको दाहालले बताउनुभयो । वर्गीकरणका लागि गएको असार १ गते समितिले आफ्नो एउटा कार्यविधि स्वीकृत गरिएको भनिएपनि सो विषयलाई अत्यन्त गोप्य राखेको थियो ।
यसबारे मन्त्रिपरिषद् सचिवालय र मुख्य सचिवको प्रतिक्रिया लिन खोज्दा स्वतन्त्र समाचारसँग उहाँहरु सम्पर्कमा आउनुभएन । यस वर्गीकरण निर्णयको विरुद्ध चुनौती दिँदै न्यायालय जाने तयारीमा सूचनाको हकको प्रर्वद्धनको क्षेत्रमा सक्रिय नागरिक संस्था फ्रिडम फोरम लागिसकेको छ । समितिले गरेको वर्गीकरण निर्णयको प्रतिलिपि यस्तो छ ।
श्रोत :आइएनएस(स्वतन्त्र समाचार)

## शहीद दुर्गाभन्द झाको ...............................

रु.२ लाख ५० हजार र श्रीमति काशीदेवी झाको विकास अनुदानबाट रु.१ लाख ५० हजार गरी कूल रु.६ लाख ८५ हजार २१ संकलन गरिएको थियो । त्यसमध्ये प्रतिमामाको लागि एडभान्स स्वरुप रु. २ लाख ५० हजार सहित विभिन्न कार्यमा रु.३ लाख ३२ हजार ३६० भइसकेको छ भने ३ लाख ५२ हजार ६६१ रपैया हालको सिटिजन बैंकमा जम्मा रहेको आयोजक समितिले जनाएको छ ।

**को हुन् शहीद दुर्गानन्द झा ?**

महान विभूतिहरु मध्येका एक अमर शहीद दुर्गानन्द थिए । जो आफ्नी वृद्धा आमा र नवविवाहिता धर्मपत्नीलाई छोडेर सदा सर्वदाका लागि कहिले नफर्किने गरी विदा भएका थिए । १९९७ साल माघ १० देखि १५ सम्ममा शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथ चन्दलाई मृत्युदण्ड दिइएको १५ महिनापछि १९९९ सालमा जनकपुरधामदेखि १४ किलोमिटर दक्षिण तत्कालिन महोत्तरी जिल्लाअन्तर्गत नेपाल भारत सीमानाको जटही गाउँमा वैशाख १४ गते दुर्गानन्द झाको जन्म भएको थियो ।
जटहीका देवनारायण झा र श्रीमती सुकुमारी देवी झाको एक मात्र सुपुत्र दुर्गानन्द झा बाल्यकालमै रहँदा उनको पिताको निधन भएकोले उनको शिक्षा-दीक्षा माता सुकुमारी देवीको रेखदेखमा भयो ।
२०१८ माघ ९ गतेको दिन राजा महेन्द्र विराटनगरबाट विशेष विमानद्वारा जनकपुर विमानघाटमा पुग्ने कार्यक्रम थियो । विमानस्थलमा राजा ओर्लनु पूर्व नै अरविन्द कुमार ठाकुर बमको साथ पक्राउ परेकाले यात्रा ५ घण्टा रोकिएको थियो र कडा सुरक्षा व्यवस्थापछि राजा महेन्द्र जानकी मन्दिर पुग्दा जानकी चौकमा गाडी रुक्नासाथ दुर्गानन्दले बम प्रहार गरी देश र दुनियालाई नयाँ सन्देश दिएका थिए ।
हजारौं सेना र प्रहरीको कडा सुरक्षाकाबीच राजा चढेको गाडीमा बम प्रहार गरेर पनि उनी पक्राउ परेका थिएनन् भने जानकी माताको शरणमा पुगेका राजा पनि बाँचेका थिए । जनकपुर बम काण्डको नाममा ५९ जना समातिएका थिए । पक्राउ परेकाहरुलाई मरनासन्न गरी कुटपिट गरिएको खबर पाउँदा दुर्गानन्द भारतमा आफू निर्वासित बस्न ठीक मानेनन् ।
तीन महिनापछि २०१८ साल वैशाखमा फर्केका उनलाई प्रहरीहरुले घेरामा लिएर जलेश्वर जेलमा राखेर भोलिपल्ट पर्कौली सैनिक ब्यारेकमा ल्याई हेलिकप्टरबाट काठमाण्डौ पुर्याई सुन्धारास्थित केन्द्रीय कारागारमा राखिएको थियो ।
सरकारले विशेष अदालतका न्यायाधीश पशुपति प्रसाद उपाध्यायको अध्यक्षतामा उच्चस्तरीय छानविन समिति गठन गरेको थियो त्यसमा झपट सिंह रावल र गुणनाथ उपाध्याय पनि सदस्य थिए । आयोगले कुनै पुर्पक्ष नै नगरी २०१९ भाद्र १९ मा दुर्गानन्द झाका साथै अरविन्द कुमार ठाकुर र दलसिंह थापालाई मृत्यु दण्ड दिने निर्णय गरेको थियो । नेपालको इतिहासमा १९९७ सालमा राज्यले शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथचन्दलाई मृत्युदण्ड दिएको २३ वर्षपछि राज्यको निर्णयद्वारा दुर्गानन्द झालाई २०२० माघ १५ गतेको मध्यरात्रिमा सुन्धारास्थित केन्द्रीय कारागारमा गोली हानी मृत्युदण्ड दिइएको थियो ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सबैला नगरपालिका
धनुषा, मधेश प्रदेश

# वैदेशिक व्यापार, लगानी वृद्धि गर्ने चीनको योजना



बेइजिङ, १५ माघ
। चीनले वैदेशिक व्यापार र लगानी वृद्धि एवं उपभोगमा तिब्रता ल्याउने योजना अघि सारेको छ। चिनियाँ प्रधानमन्त्री लि केकाङको अध्यक्षतामा सम्पन्न राज्य परिषद बैठकले आर्थिक सुधार र व्यापार विस्तारका लागि यस्तो निर्णय गरेको हो।

बैठकले केन्द्रीय आर्थिक सम्मेलनले हालै अनुमोदन गरेको आर्थिक सुधार सम्बन्धी निर्णयहरुको कार्यान्वयन गर्ने प्रस्तावलाई पनि अघि बढाएको छ। आर्थिक वृद्धि, रोजगारी र उपभोग्य वस्तुको मूल्यमा स्थिरता सुनिश्चित गर्नेतर्फ बैठकले ध्यान केन्द्रित गरेको छ।

अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्नका लागि अघि बढाइएका नीतिगत प्याकेजको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न ठोस कदम अगाडि बढाइने छ । मुख्य परियोजना र वित्तीय नीतिको अग्रसरताका उपकरणहरुलाई अद्यावधिक गरी बढी भौतिक प्रगति गर्नेतर्फ अगाडि बढ्नेतर्फ बैठकले ध्यान दिएको छ।

साना करदाताका उपलब्ध गराइएको भ्याट र सहुलियतपूर्ण ऋणको राहतलाई साना व्यवसायका लागि थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ। सार्वजनिक क्षेत्रलाई थप संगठित र विकास गर्नुपर्नेमा पूर्ण रुपमा प्रतिबद्धता व्यक्त गर्दै बैठकले गैर सार्वजनिक क्षेत्रको विकासलाई सहयोग र नीतिगत मार्गदर्शन गर्न प्रोत्साहित गरिने जनाएको छ। विश्वस्तरीय बजार मुखी व्यावसायिक वातावरण निर्माण गर्न निजी व्यवसायको कानुनी अधिकार र चासोलाई संरक्षण गरिने बैठकमा सहमति भएको छ।

बैठकले स्प्रिङ चाड पछिको अवस्थामा व्यवसाय र उत्पादन क्षेत्रलाई थप व्यवस्थित रुपमा खुला गर्न सहजीकरण आवश्यक रहेकामा जोड दिएको छ। साथै आप्रवासी कामदारलाई उनीहरुका पूर्ववत काममा फर्कन र नयाँ रोजगारी खोज्ने गरी सहजीकरण गर्नुपर्ने कुरामा बैठकले ध्यान दिएको उल्लेख छ । चिनियाँ अर्थतन्त्रको आधारस्तम्भका रुपमा रहेको दैनिक उपभोग्य वस्तुको खपत बढाउन बैठकले जोड दिएको छ। वस्तुको मागका सन्दर्भमा वैदेशिक व्यापार र लगानी बढाउनेतर्फ ध्यान दिन राज्यका सबै निकाय अग्रसर हुनुपर्ने निर्णय पनि बैठकले गरेको छ।

उपभोग्य वस्तुको मागलाई तिब्रता दिने सन्दर्भमा सेवामुलक व्यवसाय तथा स्वरोजगारमा आबद्ध व्यक्तिलाई मद्दत गर्नेगरी नीतिहरु अघि बढाइने छ। बैठकले कार र अन्य मूल्यवान सामानको उपभोग वृद्धिलाई प्रबर्द्धन गर्न जोड दिएको छ।

उपभोग्य सामानको खरिदका लागि सहज ऋण उपलब्ध गराउने प्रावधान अघि बढाइएको छ। कुनै खास शहरी क्षेत्रलाई प्राथमिकता दिइने, घर खरिदका चाहनालाई ध्यानमा राख्ने, घरहरुको अवस्थामा सुधार ल्याउने तथा पहिल्यै बिक्री गरिएका घरहरुको अवस्थामा पनि सुधार ल्याइने छ । उपभोगलाई व्यापक तुल्याउन देशभित्रै मागलाई विस्तार गर्नु मुख्य कदम हो । अर्थतन्त्रमा उपभोगलाई मुख्य प्राथमिकतामा राख्नु अति जरुरी छ, प्रधानमन्त्री लि ले भने ।चिनियाँ अर्थतन्त्रको सर्वाधिक महत्वपूर्ण क्षमता भनेकै एक अर्ब ४० करोड मानिसले गर्ने उपभोग नै हो।

बैठकले आर्थिक खुलापनको राष्ट्रिय नीतिप्रति चीनको प्रतिबद्धतालाई पुनः जोड दिँदै वैदेशिक व्यापारलाई मजबूत बनाउने अझ ठोस उपायहरुका लागि आह्वान पनि गरेको छ । देशभित्र वस्तुहरुको प्रदर्शनीहरुलाई थप खुला गरिने तथा विदेशमा हुने औद्योगिक तथा व्यापारिक प्रदर्शनीमा सहभागिताका लागि व्यवसायीहरुलाई सरकारले मद्दत गर्ने बैठकले निर्णय गरेको छ।

वैदेशिक व्यापारमा सहुलियत, ऋण र बिमा समेतका सुविधा उपलब्ध गराउने नीतिको प्रभावकारी कार्यान्वयन गरिने तथा चिनियाँ मुद्रा (आरएमबी) को परिवर्त्य दरलाई सकेसम्म स्थिर र सन्तुलित राखिने छ । व्यवसायीहरुलाई बजारका अवसरहरुको खोजी गर्न सरकारले थप राहत र सुविधा उपलब्ध गराउने छ । सीमापार ई-कमर्सको विकासलाई थप प्रबर्द्धन गरिने छ । वैदेशिक व्यापारको प्रतिस्पर्धात्मक क्षमता बढाउन प्रोत्साहित गरिने छ । आवश्यकता अनुसार आयातलाई विस्तार गरिने छ । वैदेशिक लगानी आकर्षित गर्न सक्रियतापूर्वक प्रयत्न गरिने छ । व्यवसाय र लगानीमा आकर्षिक गर्नेगरी स्थानीय सरकारहरुलाई मद्दत गरिने छ । स्वतन्त्र व्यापार क्षेत्र र अन्य प्लेटफर्मको प्रयोगमा सहुलियत दिइने छ । वैदेशिक लगानीमा सञ्चालित व्यवसायको सेवामा सुधार ल्याउन दिगो प्रयत्न गरिने छ ।बैठकले फेब्रुअरी महिनाको प्रारम्भमै विस्तृत योजना तयार गर्न सरकारका सम्बद्ध निकायहरुलाई आग्रह गरेको छ। (सिन्ह्वा/रासस)

# राजर्षि जनक कप फूटवल प्रतियोगिताको आयोजना हुने




घनश्याम बलम्पाकी
सर्लाही, १५ माघ । पर्यटन प्रवर्द्धन तथा संस्कृति सम्वर्द्धनको मूल नारा सहित सर्लाहीको बागमतीमा आयोजित छैठौ राजर्षि जनक कप फुटबल प्रतियोगिता माघको अन्तिम साताबाट हुने भएको छ।

मधेश प्रदेशकै ठूलो धनराशीको राजर्षि जनक कप फूटवल प्रतियोगिता बागमती नगरपालिका- ११ कर्मैया स्थित स्वर्गीय संतोष स्मृति खेल मैदानमा यहि माघ २५ गतेबाट प्रतियोगिता सुरु हुने आइतवार पत्रकार सम्मेलन गरी जानकारी गराइएका हुन्।

प्रतियोगितामा आयोजक बागमती युवा क्लब समेत गरी १२ वटा क्लबले सहभागिता जनाउने भएका छन् । जसमा एक विदेशी क्लब समेत रहेका क्लबका अध्यक्ष किस्मतराज मैनालीले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा आयोजक बागमती युवा क्लबको एक वटा टिमसँगै यूनाइटेड किंगडम फूटवल क्लव दार्जलिङ, संकटा क्लव काठमाण्डौ, नेपाल पुलिस क्लब काठमाण्डौं, एपिएफ काठमाण्डौ, जावलाखेल यूवा क्लव काठमाण्डौ, चर्च व्वाइज यूनाइटेड ललितपुर, ,‸दूरपश्चिम-११, धनगढी, मच्छिन्द्र फूटवल क्लब काठमाण्डौ, धरान यूवा क्लव धरान, जन जागृति युवा क्लब सीमरा र पिप्ले यूथ क्लब हेटौडाले सहभागीता जनाउँदै छन्। ९८ लाख रुपैंया बढी लागत अनुमान गरिएको प्रतियोगिता अन्तर्गत खेलको बिजेताले नगद १० लाख प्राप्त गर्नेछ, भने उपबिजेताले ५ लाख हात पार्नेछन। हरेक विधामा उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैंया प्रदान गरिने आयोजक क्लबका अध्यक्ष मैनालीले जानकारी दिए।

त्यस्तै प्रतियोगितामा उत्कृष्ट खेल खेल्ने सर्लाही बागमती निवासी एक खेलाडीलाई बागमती राईजीङ अफदि ईयर प्लेयर्स घोषणा सहित एक थान मोटरसाईकल प्रदान गरिने समेत जानकारी दिएका छन् । प्रतियोगिताका लागि बागमति नगरपालिका सहित स्थानीय तहहरु, विभिन्न गैरसरकारी संघ संस्था, उद्योगी व्यापारीसँग सहयोग संकलन गरिएको र विभिन्न व्यापारिक हाउसहरुको प्रायोजन रहने क्लवका महासचिव सागर मैनालीले जानकारी दिएका छन्। उनले पत्रकार सम्मेलनमा मधेश प्रदेशकै ठूलो धनराशीको प्रतियोगिता भए पनि अहिलेसम्म मधेश सरकारले प्रतियोगितालाइ उपेक्षा गर्दै आइरहेको गुनासो गरे।

प्रतियोगिता सुरक्षित रुपले सम्पन्न गर्नका लागि सम्पूर्ण पुर्वाधार तयार भइसकेको आयोजकले बताएका छन्।

# सडक दुर्घटनामा् नौ जनाको मृत्यु, बीस घाइते




तेहरान, १५ माघ
इरानमा दुई दिनमा भएका तीन ओटा सडक दुर्घटनामा परी नौको मृत्यु हुनुको साथै अन्य बीस घाइते भएका सरकारी अधिकारीहरुले जानकारी दिएका छन्।

इरानको दक्षिणपूर्वी प्रान्त केरमानको एक इन्टरसिटी सडकमा शनिबार एकै स्थानमा धेरै ओटा सवारी साधन ठोक्किँदा दुई जनाको मृत्यु हुनुको साथै अन्य १३ जना घाइते भएका आईआरआईबी समाचार समिति जनाएको छ । शनिबार बिहान केरमान सहरबाट सिर्जान सहर जाने बाटोमा दुईवटा सेमी ट्रेलर ट्रक र पाँचवटा सेडान कार एकआपसमा ठोक्किँदा दुर्घटना भएको आईआरआईबीले देशको आपतकालीन सेवाका उद्धृत गर्दै जनाएको छ।

दुर्घटनाको कारण सडकको चिसो अवस्था रहेको भन्दै घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको प्रवक्ता खालेदीले बताएका छन।

शनिबार बिहान पनि उत्तरपूर्वी प्रान्त खोरासान रजावीमा सडकमा तीनवटा सवारीसाधनको ठक्करबाट तीन जनाको मृत्यु हुनुका साथै चारजना घाइते भएका आईआरआईबीले प्रान्तको रेड क्रिसेन्ट सोसाइटीका प्रमुख मोहसेन जाकेरियनलाई उद्धृत गर्दै जनाएको छ।

ठोक्किएपछि तीनवटा कारमा आगो लागेको र पूरै जलेको उनले बताए। शुक्रबार राति उत्तरपश्चिमी प्रान्त कुर्दिस्तानमा बस र मिनीबस ठोक्किँदा भएको सडक दुर्घटनामा चार जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्, आईआरआईबीले प्रान्तीय रेड क्रिसेन्ट सोसाइटीका प्रमुख पायम जलालीलाई उद्धृत गर्दै बताएको छ।

आधिकारिक तथ्याङ्कले इरानमा वार्षिक २० हजार भन्दा बढी मानिसको ट्राफिक दुर्घटनामा मृत्यु हुने र २ लाख भन्दा बढी घाइते हुने गरेको देखाउँछ। ड्राइभिङ अनुभवको अभाव र सडकको कमजोर मर्मतसम्भार मुख्य कारणहरू छन्।(रासस/सिन्ह्वा)

# क्यालिफोर्नियामा हप्तामै दोस्रो गोलीकाण्ड, तीनको मृत्यु, चार घाइते



लस एञ्जलस, १५ माघ
अमेरिकाको क्यालिफोर्नियामा एक हप्तायता नै दोस्रो पटक गोली काण्ड भएको छ। शनिबार भएको यो पछिल्लो गोलीकाण्डमा परेर तीन जनाको ज्यान गएको छ भने अरु चार जना घाइते भएका छन् ।लस एञ्जलसको छिमेकी बेभरली क्रेस्ट क्षेत्रमा भएको शनिबार बिहानीपख सो गोलीकाण्ड भएको थियो। गोली प्रहारमा परेर मारिनेमा दुई जना पुरुष र एक महिला छन् । घाइतेलाई नजिकैको अस्पताल लगिएको र उनीहरुको अवस्था गम्भीर रहेको केएबिसी टेलिभिजनले जनाएको छ। लस एञ्जलसको उक्त क्षेत्रको एक सडकमा एकजना व्यक्तिले अन्धाधुन्ध गोली प्रहार गरेको बताइएको छ।

सडकमा गुडिरहेको एक गाडीमाथि सो व्यक्तिले गोली प्रहार गरेको थियो । सवारीमा रहेका तीनजनाको ज्यान गएको थियो। त्यस्तै सडकमा हिँडीरहेका अरु चार जना घाइते भएका पनि सो टेलिभिजनले जनाएको छ। गोली प्रहार गर्ने व्यक्तिको खोजी प्रहरी गरेको बताइएको छ। लस एञ्जलसमा भएको एक हप्ता यताकै यो दोस्रो गोली प्रहार हो। छ दिन अघि एक रेष्टुरेन्टमा भएको गोली प्रहारमा परेर ११ जनाको ज्यान गएको थियो। त्यसपछि गत सोमबार मात्र पनि अर्को प्रहारमा परेर मानिसको ज्यान गएको थियो। (रासस/सिन्ह्वा)

# पाकिस्तानमा बस दुर्घटना चालीसको मृत्यु




क्वेटा, १५ माघ
पाकिस्तानको दक्षिणपश्चिममा पर्ने एक स्थानमा एउटा बस पुलबाट खसेर आगलागी हुँदा कम्तीमा ४० जनाको मृत्यु भएको एक सरकारी अधिकारीले आइतबार जानकारी दिएका छन। मृतकहरू पहिचान बाहिर भएका बलुचिस्तान प्रान्तको लसबेला जिल्लाका एक वरिष्ठ अधिकारी हम्जा अन्जुमले दुर्घटनास्थलमा बताएका छन । बस पुलको एउटा पिलरमा ठोक्किएर दुर्घटना भएको यस बसमा ४८ जना यात्रु सवार रहेका र तीनजनालाई जीवितै उद्धार गरिएको जनाइएको छ । राजमार्गहरु ढिलो सुरक्षा उपायहरु र लापरवाह ड्राइभिङले पाकिस्तानमा डरलाग्दो सडक दुर्घटनाहरु हुने गरेको पाइन्छ । यात्रु बसहरुको क्षमता भन्दा यात्रु सवार र सिट बेल्टहरू सामान्यतया नलगाइने जस्ता कारणले गर्दा एकल सवारी दुर्घटनाबाट मृत्यु हुनेहरूको संख्या सामान्य छ। सन् २०१८ मा पाकिस्तानको सडक दुर्घटनामा परी २७ सय भन्दा बढी मानिसहरू मारिएका विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। (रासस/एएफपी)

# एनटिभी कप : नेपाल टेलिभिजनलाई उपाधि

काठमाडौँ, १५ माघ
'एनटिभी कप-२०७९' फुटसल प्रतियोगिताको उपाधि नेपाल टेलिभिजनले जितेको छ। राष्ट्रिय समाचार समिति (रासस)लाई ७-० गोल अन्तरले हराउँदै नेपाल टेलिभिजनले उपाधि हात पारेको हो । राससले उपविजेतामै चित्त बुझायो।

नेपाल टेलिभिजनको ३८औँ वार्षिकोत्सवका अवसरमा आइतवार शान्तिनगरस्थित फुटसल कोर्टमा भएको उक्त मैत्रीपूर्ण प्रतियोगितामा नेपाल टेलिभिजनका लागि वासुदेव अवाल र सुशील अधिकारीले दुई/दुई तथा महेश निरौला, दीप बस्नेत र प्रज्ज्वल शाक्यले एक/एक गोल गरे।

चार सरकारी सञ्चारमाध्यमबीच भएको उक्त प्रतियोगितामा गोरखापत्रलाई हराउँदै रेडियो नेपाल तेस्रो भयो। रेडियो नेपालले गोरखापत्रलाई ५-० गोल अन्तरले पराजित गरेको हो। त्यसअघि भएका खेलमा राससले गोरखापत्रलाई ७-० गोलअन्तरले तथा नेपाल टेलिभिजनले रेडियो नेपाललाई ६-० गोलअन्तरले हराएको थियो । विजेता खेडालीलाई नेपाल टेलिभिजनको ३८औँ वार्षिकोत्सव समारोहमा शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने नेपाल टेलिभिजन कर्मचारी युनियनका नेता विश्वेश्वर पौडेलले जानकारी दिए। नेपाल टेलिभिजनको वार्षिकोत्सव यही माघ १७ गते मनाइँदै छ ।रासस


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

**धनुषाधाम नगरपालिका**
धनुषा, मधेश प्रदेश



## Birgunj Metropolitan City
**Office of the Metropolitan Executive**
Birgunj, Parsa

**Intention for Award of Contract**

*Date of Publication: 30th January 2023*

Pursuant to clause 27 (2)of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Nepal Samacharpatra National Daily Newspaper on 2079/08/28. Birgunj Metropolitan City intends to award the contracts to the same.

| S. N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | BMC/NCB/WORKS/2079/080/13 (Hand Pump Installation at different Wards of Birgunj Metropolitan City) | M/S Shree Ram Construction, Kalaiya, Bara | 1,29,53,001.72 |

# वीरगंजको सरसफाईमा बैंकहरुको चुनौती




मधेशदृष्टि
वीरगंज, १५ माघ ।
वीरगंजको सरसफाईमा बैंकहरु प्रमुख चुनौतीको रुपमा देखिएको छ । बीरगंज महानगरपालिकाले तोकेको समयमा नगरपालिकाबाट आउने साईरन सहितको ट्र्याक्टरमा फोहोर फाल्न आग्रह गर्दै अटेरी गर्नेलाई जरिवाना समेत गर्न थालेको भए पनि बीरगंजका बैंकहरुको अटेरीले महानगरको अभियानलाई चुनौती दिएको छ ।

बीरगंज महानगरपालिकाले बैंक भित्रको फोहोर सडकमा फालेको आरोपमा ग्लोबल बैंक, एनआईसि एसिया बैंक, माछापुच्छ्रे बैंक, कृषि विकास बैंक, एनसिसि बैंक लगायतका बैंकहरुलाई कारवाही स्वरुप ५ हजार जरिवाना गरेको भए पनि अझै बैंकहरु नसुध्रिएको महानगरपालिकाका स्वच्छ वीरगंज अभियान तथा सरसफाई र वृक्षारोण समितिका संयोजक जय प्रकाश खेतानले बताए ।

आज मात्रै वीरगंज महानगरपालिकाको टोलीले जथाभावी फोहोर फालेको आरोपमा एनआईसि एसिया बैंक र माछापुच्छ्रे बैंकलाई ५/५ हजार रुपैया जरिवाना गरेको छ । त्यसैगरी वीरगंजको आदर्शनगर स्थित कलवार कल्याण सेवा सदनलाई समेत सडक पेटिमा फोहोर फाले वापत जरिवाना गरिएको खेतानले बताए ।

बीरगंज महानगरपालिकाले मुख्य गरी बजार क्षेत्रको सरसफाईमा कडाई गरेसगै बर्षौ देखि फोहोरै फोहोरले ढाकिएको क्षेत्र समेत अहिले सफा भएको छ ।

# रेडक्रस वाराको सभापतिमा खडका निर्वाचित




मधेशदृष्टि
बीरगंज १५ माघ ।
नेपाल रेडक्रस सोसाईटी वारा जिल्ला समितिको निर्वाचन सम्पन्न भएको छ । जिल्ला कार्य समितिको सम्पन्न निर्वाचन राजेन्द्र सिंह खडका सभापतिमा निर्वाचित भएका छन भने महिला उपसभापतिमा ईश्वरी ठाकुर र पुरुष तर्फ शम्भु प्रसाद कुशवाहा निर्वाचित भएका छन ।

त्यसैगरी रेडक्रस वाराको मन्त्रीमा धिरेन्द्र यादव, कोषाध्यक्षमा उदय कुमार नेपाल, उपमन्त्रीम कृष्ण प्रसाद खरेल, उपकोषाध्यक्षमा राम कुमार उप्रेती, महिला सदस्यहरुमा उर्मिला साह, रुपा अधिकारी, पुनम कुमारी थापा निर्वाचित हुनु भएको छ भने खुला सदस्य तर्फ दिव्यनाथ श्रेष्ठ, सुशिल राज गौतम, मोहन प्रसाद चौधरी, तेजनारायण जैसवाल, नारायण प्रसाद शर्मा, कृष्णनन्दन गिरी र हरेन्द्र प्रसाद यादव निर्वाचित भएका छन ।

# मालपोत र यातायातबाट सेवाग्राहीसँग पैसा असुल्ने १० चौलिया पक्राउ

मधेशदृष्टि
वीरगन्ज,१५माघ ।
पर्सा प्रहरीले मालपोत र यातायात कार्यालयबाट सेवाग्राहीसँग विभिन्न वाहानामा पैसा असुल्ने १० जना विचौलियालाई आईतवार अपरान्ह पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको क्राईम ब्रान्चको टोलीले आइतवार अपरान्ह मालपोत कार्यालय पर्सा बीरगंजको विभिन्न फाँटबाट सेवाग्राहीको काम गरि दिने वहानामा सेवाग्राहीलाई अनावश्यक रुपमा ठगी गर्ने ८ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी निर्मल बुढाथाकी जानकारी दिए ।

मालपोत कार्यालयमा लेखापढीको काम गर्ने केही व्यक्तिहरुले सेवाग्राहीलाई दुःख दिएको गुनासो आएपछि प्रहरीले उनिहरुलाई आइतवार मालपोत कार्यालयबाट नियन्त्रणमा लिएको डिएसपी बुढाथोकीले बताए ।

पक्राउ पर्नेहरुमा शुभनारायण महतो, संजय चौहान, सन्तोष कुमार राउत, दिपक पटेल, सुशिल कुमार साह, राम कुमार महरा, धर्मेन्द्र कुमार सहनी र हरिओम गुप्ता रहेका छन ।

त्यसैगरी आइतवारनै यातायात कार्यालय लाईसेन्स शाखाबाट सेवाग्राहीलाई दुःख दिई पैसा असुल्ने धिरेन्द्र श्रेष्ठ र श्रीकृष्ण खनाललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी बुढाथोकीले जानकारि दिएका छन । दुवै कार्यालयबाट पक्राउ परेका विचौलियाहरुलाई प्रहरी हिरासतमा राखि थप अनुसन्धान भई रहेको डिएसपी बुढाथोकीले बताए ।

# पिप्रा मठको महत्वलाई धुमिल पार्ने काम भएको भन्दै स्थानिय आक्रोशित

मधेशदृष्टि
वीरगञ्ज, १५ माघ ।
पिपरा मठको ऐतिहासिक महत्वलाई धुमिल पार्ने काम वीरगञ्ज महानगरपालिकाले गर्न लागेको भन्दै पिप्रा लक्ष्मणवाका स्थानिय वासिन्दा आक्रोशित भएका छन ।

बीरगंज महानगरपालिकाले पिप्राको लिङ्क रोडलाई महात्मागान्धी रोड नामाकरण गरेपछि स्थानीयवासीले आज एक विज्ञप्ती जारी गर्दै त्यसको विरोध गरेका छन ।

लिङ्क रोड प्रिपा टोल विकास समितिद्वारा आज जारी विज्ञप्तीमा पिपराको ऐतिहासीक महत्वलाई अतिक्रमण एंव धुमिल्याउने प्रयास भएको र महानगरले स्थानीय सरोकावरवाला पक्ष, वडा कार्यालय र टोल विकास समितिसँग कुनै राय परामर्श नगरी महात्मागान्धीको नाउँमा नामाकरण गरेकोमा आपत्ति जनाएको छ। पिप्राको ऐतिहासिक र धार्मिक महत्व हुदाँहुदैं स्थानीय मौलिकतालाई समाप्त पार्ने उदेश्यले लिङ्क रोडको नामाकरण महात्मागान्धीको नाउँमा राखिएको विज्ञप्तिमा भनिएको छ। लिङ्क रोडलाई महात्मागान्धी रोड नामाकरण गरी सोमबार मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोज यादवबाट उद्घाटन गर्ने कार्यक्रम महानगरपालिकाले तय गरेको छ।

# बढि समान लोड गरेको ट्र्याक्टर प्रहरी नियन्त्रणमा




मधेशदृष्टि
वीरगंज, १५ माघ ।
बिल बिजक भन्दा बढी लत्ताकपडा तथा कस्मेटिक सामान गरी १८ लाख भन्दा बढीको सामान लोड रहेको ट्र्याक्टर पर्सा प्रहरीले नियन्त्रणमा लिई राजस्व अनुसन्धानमा बुझाएको छ । बिल विजक भन्दा बढीविभिन्न किसिमका लत्ताकपडा तथा कस्मेटिक लगायतका मालबस्तुहरूबोकेको ट्र्याक्टर आईसिपी गेट हुँदै वीरगञ्जतर्फ आउँदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले शनिवार साँझ ६ बजे वीरगञ्ज महानगरपालिका वडा नम्बर २३ बहुअरी सडकखण्डबाट नियन्त्रणमा लिएको थियो । विआर ०५ जिसी १६५३ नम्बरको भारतीय ट्र्याक्टरलाई रोकी जाँच गर्ने क्रममा विल बिजक संकास्पद देखिएको हुँदा १८ लाख ,४९ हजार ४ सय ४३ रुपैया बराबरको ट्र्याक्टर र सामानको मुल्यांकन गरी आइतवार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी एवं प्रवक्ता निर्मल बुढाथोकीले जानकारी दिए ।

# कांग्रेस क्षेत्रिय कार्यसमितिले शहिद दिवस मनाउने

मधेशदृष्टि
वीरगन्ज , १५ माघ ।
नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ को कार्यसमीतिले माघ १६ गते शहिद दिवसको अवसरमा विभिन्न कार्यक्रम गर्ने जनाएको छ ।

आइतवार वीरगञ्जको आदर्शनगर स्थित क्षेत्रिय कार्यलयमा नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति महम्मद सहाबुद्दिनको सभापतित्वमा बसेको बैठकले शहिद दिवसमा ज्ञातअज्ञात शहिदहरुको सम्झनामा विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको हो ।

बैठकले वरिगञ्जस्थित नारायणी अस्पतालमा रहको थिरबम मल्लको शालीकमा माल्यापर्ण गरी कांग्रेसका पुराना नेताहरुलाई सम्मान गर्ने निर्णय गरेको सभापति सहाबुद्दिनले बताए । यसैगरी घण्टाघरमा रहेका शहीदहरुको शालीक तथा गण्डकस्थित तेज बहादुर अमात्यको शालिकमा समेत माल्यापर्ण गर्ने कार्यक्रम तय भएको उहाँले जानकारी दिए ।

बैठकमा उपसभापति बिनोद ठाकुर, सचिव रंजीत पटेल, मिलन यादव, मनोहर साह, धिरज कुमार गुप्ता, मिन्टु देवी सिंह, नेवीसंघका जिल्ला सभापति रमेश यादव, सुल्तान अन्सारी लगायतको उपस्थिति रहेको थियो ।

# मधेशमा मात्रै २ हजार भन्दा बढी कुष्ठरोगी

मधेशदृष्टि
जनकपुरधाम, १५ माघ ।
मधेस प्रदेशको बारा जिल्लामा सबभन्दा बढी कुष्ठरोगीको संख्या मा रहेको छ ।

७० औं विश्व कुष्ठरोग दिवसको अवसरमा आइतबार स्वास्थ्य निर्देशनालय जनकपुरधामद्वारा आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिएको तथ्यांक अनुसार कुल रोगी संख्याको ४० प्रतिशत मधेश प्रदेशमै रहेको छ ।

स्वास्थ्य निर्देशनालय कुष्ठरोग, क्षयरोग तथा एचआईभी एड्स शाखाका प्रमुख राजवीर यादवले चालू आर्थिक वर्ष २०७९/८० मा नेपालमा २ हजार २८५ नयाँ कुष्ठरोगी रहेकोमा मधेस प्रदेशमा मात्रै ९१० जना कुष्ठरोगीका बिरामी रहेको जानकारी दिए ।

उनका अनुसार प्रदेशमा सबभन्दा बढी बारा जिल्लामा कुष्ठरोगीको संख्या रहेको छ भने पर्सा दोश्रो र रौतहट तेश्रो स्थानमा रहेको तथ्यांकले देखाएको छ । बारामा प्रति दशहजारमा २ जनाको हाराहारीमा रहेको छ । बारामा ६ सय १३, पर्सामा ५ सय ४१ र रौतहटमा ५ सय ३८ कुष्ट रोगीको नयाँ केश फेला परेको हो । उनले उल्लेखित संख्या भन्दा पनि बढि कुष्ठरोगी रहेपनि सामाजिक विभेद, घृणाका कारण अस्पताल जाने वातावरण नरहेकोले वास्तविक संख्या पत्ता लगाउन समस्या रहेको बताए ।

सरकारी तथ्यांक अनुसार देशभरका १६ जिल्लाहरुमा कुष्ठरोग प्रति १० हजार जनसंख्यामा १ भन्दा धैरै बिरामी रहेको स्थिति छ । जसमा बाँके, सर्लाही, झापा, बर्दिया, महोत्तरी, धनुषा, मोरङ, सिरहा, कैलाली, रुपन्देही, कपिलवस्तु, रौतहट, पर्सा, अछाम, नवलपरासी पश्चिम र बारा रहेका छन् । मधेस प्रदेशको सप्तरीबाहेक सबै जिल्लामा अहिले कुष्ठरोगका बिरामी रहेको तथ्यांक छ । 'कुष्ठरोग अन्त्यका लागि आजैबाट पहल गरौं' भन्ने मूल नाराका साथ धनुषाको सपहीमा सम्पन्न विश्व कुष्ठरोग दिवस कार्यक्रममा सहभागी लालगढ कुष्ठरोग सेवा केन्द्रका उपनिर्देशक डा. कृष्णबहादुर तामाङ्गले कुष्ठरोगीलाई उपचार मात्रै नभई सामाजिक सहयोग समेत आवश्यक रहेको बताए । लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रले अहिले दैनिक चारसय छालाका रोगी तथा कुष्ठरोगीको उपचार गर्दै आएको छ ।

उपनिर्देशक तामाङ्गले लालगढ अस्पतालले ९२ शैयामार्फत छाला तथा कुष्ठरोगीका बिरामीको उपचार गर्दै आएको जानकारी समेत दिए ।

# प्रेस सेन्टरको स्थापना दिवसमा वीरगंजमा रक्तदान




मधेशदृष्टि
वीरगञ्ज १५ माघ ।
प्रेस सेन्टर नेपाल पर्साले आइतवार वीरगन्जमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । संस्थाको १९ औं स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा २ महिला सहित ५५ जनाले रगतदान गरेका छन् । वीरगन्जको क्लासिक ब्यांकेटमा आयोजित कार्यक्रममा सरितादेवी घिमिरे , दिलपराज कार्की, निरज पिठाकोटे मगर,विकास पटेल, सन्जय यादव,रेहान आलम,तबरेज आलम,आनन्द साह लगायतकाले रगतदान गरेका थिए । प्रेस सेन्टर नेपाल पर्साका अध्यक्ष दिपक गौतमको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा सेन्टरका केन्द्रीय उपाध्यक्ष गोविन्द देवकोटा, केन्द्रीय सदस्य निरज पिठाकोटे मगर, नेकपा एमालेका युवा नेता अरविन्द सिंह, रक्त सन्चार वीरगन्जकि संयोजक मधु राणा लगायतको उपस्थिती रहेको थियो ।

# पोखरीयाका सेवाग्राही सास्ती भोग्न बाध्य

मधेशदृष्टि, वीरगन्ज , १५ माघ ।
पर्साको पोखरिया नगरपालिका वडा नम्बर ४ को वडा कार्यालयमा जनप्रतिनिधी र कर्मचारीको वेवास्ताका कारण सेवाग्राही सास्ती खेप्न बाध्य भएका छन् । वडा कार्यालयमा विद्युत आपूर्तीको वैकल्पिक व्यवस्था नभएको र कार्यालयको कम्प्युटर पनि २० दिन देखि बिग्रिएर थन्किएको हुदा सेवाग्राही सास्ती खेप्न बाध्य भएका हुन् । वडा कार्यालयमा विद्युत आपूर्तीको वैकल्पिक व्यवस्था नहुदा विद्युतको लाइन कटेका बेला जन्म, विवाह र मृत्यु दर्ता , बसाइ सराई , नाता प्रमाणित जस्ता काम समयमा नहुने गरेको सेवाग्राहीको गुनासो छ । पोखरियाका स्थानीय समेत रहेका शिक्षक विशाल महराले विवाह दर्ता प्रमाणपत्र बनाउनका लागि आफु ५ दिन देखि वडा कार्यालयमा धाइरहेको भएपनि काम नभएको गुनासो गरे । कार्यालय समयमै विद्युतको लाइन कट्ने गरेको र वैकल्पिक व्यवस्था नहुदा काम हुन नसकेर आफु फर्किनने गरेको महराले बताए ।

वडा कार्यालयका सचिव नीरज दुवेदीले पनि वडा कार्यालयमा विद्युत आपुर्तिको वैकल्पिक व्यवस्था नहुदा सेवा प्रवाहमा समस्या भएको स्वीकार्दै वडा कार्यालयमा रहेको कम्प्युटर २० दिनदेखि बिग्रिएको र त्यसलाई मर्मतका लागि जिन्सी शाखामा पठाएको दुइ हप्ता बित्दा पनि मर्मत भइ नआएको गुनासो व्यक्त गरे ।

# भूमि आयोगको काममा सहयोग गर्ने राजनीतिक दलहरुको प्रतिबद्धता

मधेशदृष्टि
वीरगन्ज,१५माघ ।
पर्साका भूमिहिनहरुलाई जग्गा वितरण गर्न राष्ट्रिय भूमि आयोगको काममा राजनीतिक दलहरुले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । वीरगन्ज स्थित आयोगका कार्यालयमा आइतवार भएको छलफलमा सहभागी प्रमुख राजनीतिक दलका नेताहरुले अव्यवस्थित बसोवास र भूमिहिनका लागि भूमिको व्यावस्था गर्न गठित भूमि आयोगले पर्सामा गरिरहेको काममा सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् । आयोगले जिल्लाका १४ वटै पालिकासँग समन्वय गरेर भूमिहिनको समस्या समाधान गर्नका लागि सहयोग गर्न राजनीतिक दलसँग आग्रह गरेको छ । छलफलमा भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहमदले आयोगले पर्सामा हाल सम्म गरेका कामको प्रगतिका सम्बन्धमा दलका नेताहरुलाइ जानकारी गराएका थिए। अध्यक्ष अहमदले २०७८ चैत २४ गते आयोगका पदाधिकारीहरुले सपथ ग्रहण गरेपछि १४ वटै पालिकामा ३५ दिने सूचना प्रकाशित गरी हालसम्म अभिमूखिकरण कार्यक्रमका साथै बैठक र सहमति पत्रमा हस्ताक्षर लगायतका काम सम्पन्न गराइसकेको जानकारी दिए । पर्सामा भूमि आयोगले अब छिट्टै प्रत्येक पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख जिल्ला अधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरुलाई राखेर स्थानीय तहमा भूमि आयोगले गर्ने काममा समन्वय गर्ने निर्णय पनि गरेको अध्यक्ष अहमदले बताए । छलफलमा नेकपा एमालेका पर्साका अध्यक्ष जय प्रकाश थारु, जनता समाजवादी पार्टी (जसपा) का जिल्ला अध्यक्ष रामनरेश यादव, नेपाली कांग्रेसका जिल्ला उपसभापति रामनारायण कुर्मी, राष्ट्रिय जनमोर्चाका नेत्र प्रसाद पौडेल, राप्रपाका राजकिशोर प्रसाद यादव, भूमी आगोगका सदस्य सुरेन्द्र प्रसाद सिंह, श्रीमती हेमा भट्टराई, हिमालचन्द्र गौतम लगायतको सहभागीता रहेको थियो ।

जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

धनौजी गाउँपालिका
धनुषा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल